# लैङ्गिक पहिचान सम्बन्धी मस्यौदा विधेयक, २०७८ :

## नागरिक समाजको प्रस्ताव


**लेखक तथा प्रकाशक :**

रूक्शना कपाली

एलिन भण्डारी

अधिवक्ता सुबिन मुल्मी



**सहयोग**

ASIA PACIFIC TRANSGENDER NETWORK

एसिया प्यासेफिक ट्रान्सजेन्डर नेटवर्क

# लैङ्गिक पहिचान सम्बन्धी मस्यौदा विधेयक, २०७८ : नागरिक समाजको प्रस्ताव

**लेखक तथा प्रकाशक:**

रुक्शना कपाली

एलिन भण्डारी

अधिवक्ता सुबिन मुल्मी

लैङ्गिक पहिचान सम्बन्धी मस्यौदा विधेयक, २०७८ : नागरिक समाजको प्रस्ताव

**लेखक तथा प्रकाशक :** रुक्शना कपाली, एलिन भण्डारी, अधिवक्ता सुबिन मुल्मी

**सहयोग :** Asia Pacific Transgender Network

Paperback

ISBN: 978-9937-0-9592-1

प्रकाशित तिथि मिति :

| | | | | | |
|---|---|---|---|---|---|
| नेपाल संवत् | : | ११४२ कछला १२ | (मिति) | ११४१ कौलागाः झिमिला | (तिथि) |
| विक्रम संवत् | : | २०७८ कार्तिक १४ | (मिति) | २०७८ कार्तिक कृष्ण दशमी | (तिथि) |
| ईश्वी संवत् | : | २०२१ अक्टोबर ३१ | | | |

Hashtag: #लैपविधेयक #GIbillNepal

सर्वाधिकार : लेखक तथा प्रकाशकमा ।

यस पुस्तकको कुनै अंश कतै प्रकाशन गर्नु परेमा यस पुस्तकबाट साभार गरिएको व्यहोरा उल्लेख गरी प्रयोग गर्न सकिनेछ । यो पुस्तक विक्रि गर्नका निम्ति होइन । कुनै व्यापारिक प्रयोजनका लागि यस पुस्तकको पूरा वा आंशिक भाग प्रकाशन गर्न वा प्रतिलिपि बनाउन पाइनेछैन । यस पुस्तकलाई अनुवाद गरी प्रकाशन गर्न चाहेमा लेखक तथा प्रकाशकको पूर्व अनुमती लिनुपर्ने हुन्छ ।

# पृष्ठभूमी

नेपाल संवत् ११४० तदनुसार २०७७ सालमा Asia Pacific Transgender Network (APTN) ले Amplifying Trans Advocacy Fellowship 2020 नामक कार्यक्रम संचालन गर्ने घोषणा गरेका थिए । आवेदन प्रक्रिया पछि एशिया प्रशान्त क्षेत्रका १४ देशहरूबाट २६ जना व्यक्तिहरू छनोटमा परे । त्यस मध्ये नेपालबाट हामी रुक्शना कपाली र एलिन भण्डारी छनोटमा परेका थियौँ । म रुक्शना कपाली पारलैङ्गिक महिला हुँ भने म एलिन भण्डारी पारलैङ्गिक पुरुष हुँ । हामी दुबैजना पारलैङ्गिक व्यक्तिहरूको अधिकारका निम्ति कार्यरत छौँ ।

नेपाल संवत् ११४० यंला २८ तदनुसार २०७७ भदौ ३० देखि सुरु भएको उक्त कार्यक्रम नेपाल संवत् ११४१ कछला १ तदनुसार २०७७ कार्तिक ४ मा अन्त्य भयो । उक्त कार्यक्रममा अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी कानूनहरू र तिनका उपयोगिता बारे शिक्षण सत्रहरू संचालन गरिएका थिए । शिक्षण सत्रहरूको अन्त्य पछी उक्त कार्यक्रममा सिकेका कुराहरूलाई समेत लागू हुने ढङ्गले आ-आफ्नो स्थानमा सानो परियोजना निर्माण गरि कार्यान्वयन गर्नुपर्ने थियो । त्यसका लागि APTN ले आर्थिक सहयोग प्रदान गर्ने भएको थियो । प्रत्येक सहभागीले आ-आफ्नो परियोजना प्रस्ताव गर्न सक्थे । तथापि नेपालबाट सहभागी भएका हामी दुईजनाले एउटा संयुक्त परियोजना गर्ने निर्णय गर्यौं । यस कार्यपरियोजनाको अवधारणा म रुक्शना कपालीले अघि सारेको थिएँ । उक्त अवधारणा चित्त बुझी सँगै काम गरूँ भनि म एलिन भण्डारी पनि सहमत भएँ ।

नेपालमा पारलैङ्गिक व्यक्तिहरूको अधिकार र त्यसमा पनि लैङ्गिक पहिचानको मुद्दा जल्दोबल्दो विषय हो । लैङ्गिक पहिचान अनुसारको परिचयपत्र तथा व्यक्तिगत दस्तावेजहरू नहुँदा हामी पारलैङ्गिक व्यक्तिहरूको दिनहुँ जीवनमा भोग्नुपर्ने समस्या, विभेद, लाञ्छना, बाधा तथा वञ्चितिकरणका हामी दुबैजना स्वयं भुक्तभोगी पनि हौँ र विगत लामो समय देखि यस क्षेत्रमा कार्यरत भएकाले आफू लगायत नेपालमा सबै पारलैङ्गिक व्यक्तिहरू पनि यही समस्याबाट गुज्रिरहेको हामीलाई ज्ञात छ । पारलैङ्गिक व्यक्तिहरूले मात्र नभएर अन्तरलिङ्गी व्यक्तिहरू, तेस्रोलैङ्गिक व्यक्तिहरू एवं गैर-द्वयसांखिक व्यक्तिहरूको पनि लैङ्गिक पहिचान अनुसार परिचयपत्र तथा व्यक्तिगत दस्तावेजहरू बन्न नसक्दा दिनहुँ जीवन कष्टकर भएको अवस्था समेतलाई सम्बोधन गर्न चाह्यौँ ।

आफ्नो लैङ्गिक पहिचान अनुसार परिचयपत्र तथा व्यक्तिगत दस्तावेजहरू कायम गर्ने बारेमा लामो समय देखि काम हुँदै आएको छ । सन् १९९७-२००० ताका नै लैङ्गिक पहिचानका आधारमा सिमान्तकृत व्यक्तिहरू संगठित हुन सुरु भएको थियो । यस क्षेत्रमा कार्यरत नेपालको पहिलो संस्थाका रूपमा नील हिरा समाज (ब्लु डायमण्ड सोसायटी) को

स्थापना भयो । तत् पश्चात् नेपालका विभिन्न जिल्लाहरूमा गठन भएका नील हिरा समाजको शाखा कार्यालयहरू क्रमशः स्वतन्त्र संस्थाका रूपमा स्थापित हुँदै गए । यी संस्थाहरू यौन अभिमुखिकरण तथा लैङ्गिक पहिचानको क्षेत्रमा काम गरिरहेका छन् । आन्दोलनको प्रारम्भिक कालमा मुख्यतः लैङ्गिक पहिचानको विषयमा तेस्रोलैङ्गिक व्यक्तिहरूको मुद्दा अग्रपङ्तीमा थियो । तेस्रोलैङ्गिक व्यक्तिहरूको लैङ्गिक पहिचान सहितको परिचयपत्र कायम गर्न गराउन सर्वोच्च अदालतद्वारा पनि फैसला एवं नजीर जारी भए । सन् २०१६ मा अन्तरलिङ्गी व्यक्तिहरू पनि संगठित भए र सन् २०१७ मा अन्तरलिङ्गी व्यक्तिहरूद्वारा नेतृत्व गरिएको अन्तरलिङ्गी व्यक्तिहरूको हक अधिकारको लागि कार्यरत संस्था क्याम्पेन फर चेन्जको स्थापना भयो । नेपालमा अन्तरलिङ्गी व्यक्तिहरूको लागि कार्यरत यो पहिलो संस्था हो भने हाल सम्म एक मात्र पनि । सन् २०१८ मा क्वयेर युथ ग्रुपको स्थापना पछी गैर-द्वयसांखिक व्यक्तिहरूका मुद्दाहरू पनि उठान हुन थाल्यो । पारलैङ्गिक महिला तथा पुरुषहरूको मुद्दा क्रमशः क्वयेर युथ ग्रुप र पारलैङ्गिक अधिकार समूह (ट्रान्स राइट्स् कलेक्टिभ) को गठन पछी उजागर हुन थाल्यो । सन् २०२० लाई लैङ्गिक पहिचान सम्बन्धी मागपत्रहरूको वर्ष भनि चिनिन्छ । सन् २०२० मा लैङ्गिक पहिचानकै विषयवस्तुमा ४ वटा मागपत्रहरू जारी भएका थिए । जारी भएका मागपत्रहरू *राष्ट्रिय पारलैङ्गिक मागपत्र, नेपालमा लैङ्गिक पहिचानको कानूनी मान्यता सम्बन्धी राष्ट्रिय मागपत्र, नागरिकता विधेयकमा लैङ्गिक पहिचान सम्बन्धीको मागपत्र* तथा *राष्ट्रिय अन्तरलिङ्गी मागपत्र* थिए ।

यस अर्थात् हाम्रो समस्या र मुद्दाहरू बुझाउन हामीसँग पर्याप्त सामाग्रीहरू उपलब्ध छन् । हाम्रा मागहरू के हुन् भन्ने सम्बन्धमा पर्याप्त छलफल, परामर्श, इत्यादि भई हाम्रा मागहरूको दस्तावेजिकरण समेत भइसकेको थियो । हाम्रा मागहरू के हुन् भन्दा यी हुन् भनि प्रस्तुत गर्न हामीसँग पर्याप्त सामाग्रीहरू बनिसकेका थिए । अब हाम्रा यी मागहरू सम्बोधन हुनु भन्नाले के हो ? हामीले अघि सारेका मागहरू कानूनमा उतार हुँदा कस्तो हुँदो हो ? हाम्रो माग अनुसारको कानून बन्नु भनेको केकस्तो हो ? अब भने यसैका लागि ठोस कार्य गर्ने यस परियोजनाको उद्देश्य बनायौं । त्यसैले कानून व्यवसायीको सहयोग संलग्नतामा नागरिक समाज संस्थाहरू सबै जुटेर एउटा मस्यौदा विधेयक निर्माण गर्ने र सोही मस्यौदा विधेयकलाई कानूनको रूपमा ल्याउनका लागि वकालत पैरवी गर्ने ठोस सामाग्रीका रूपमा लिन सकिने परिकल्पना गर्यौं । APTN मा यस परियोजनाको अवधारणाको प्रस्ताव राखेपछी त्यहाँबाट सहयोग जुर्यो र हामी कार्यान्वयन तर्फ लाग्यौं ।

सर्वप्रथम त यस परियोजनाका लागि कानून व्यवसायीको संलग्नता आवश्यक थियो । हामीले विभिन्न माध्यमहरूबाट सोधपुछ गर्यौं र त्यहाँबाट अधिवक्ता सुबिन मुल्मी जोडिन पुगे । यस परियोजनाका उनी प्रमुख कानूनी सल्लाहकार रहे । यस परियोजना कार्यान्वयनको सुरु देखि अन्त्य सम्म उनको सहयोग एवं संलग्नता रह्यो ।

त्यसपछी हामीले *यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको महासंघ नेपाल* र *सिमान्तकृत यौन अभिमुखिकरण, लैङ्गिक पहिचान तथा यौन विशेषताका व्यक्तिहरूको महासंघ*लाई सम्पर्क गरी नेपालमा अन्तरलिङ्गी, पारलैङ्गिक, तेस्रोलैङ्गिक तथा गैर-द्वयसांखिक लैङ्गिक पहिचानका व्यक्तिहरूको हक अधिकारका क्षेत्रमा कार्यरत संघसंस्थाहरूको सूची बनायौँ । उक्त सूची तयार भएपछी हामीले ती संघसंस्थाहरूलाई सम्पर्क गर्यौं र हाम्रो परियोजना बारे व्याख्या गरी पहिलो चरणको छलफलमा सहभागी हुन आमन्त्रणा गर्यौं ।

नेपाल संवत् ११४१ सिला १५ र १६ तदनुसार २०७७ माघ १९ र २० गते दुई दिनमा दुई समूह बनाई पहिलो चरणको छलफल गर्यौं । कार्यक्रममा हामीहरूले देहायका प्रश्नहरूमा छलफल गर्यौं ।

- लैङ्गिक पहिचानको मान्यता भन्नाले के हो ?
- लैङ्गिक पहिचानको मान्यता कस्तो हुनुपर्छ ?
- यस्ता विषयहरूमा हाम्रा माग सहित हामी यस क्षेत्रमा कार्यरत संस्थाहरूले थेरै वर्ष देखि आ-आफ्नो तवरले आवाज उठाउँदै आएका छौं । अब हाम्रा यी मागहरू कानूनका रूपमा अक्षेरिकरण हुँदा कस्तो देखिन्छ ?
- लैङ्गिक पहिचान सम्बन्धीको कानूनले के कस्तो विषय समेट्नुपर्छ ? कानूनमा केके उल्लेख हुनुपर्छ ? के कस्ता प्रावधान हुनुपर्छ ?

सहभागीहरूले लैङ्गिक पहिचान सम्बन्धीका व्यवहारिक र दिनहुँ भोग्ने बाधा चुनौती बारे चर्चा गरे र आफ्ना तथा आफूले चिनेका व्यक्तिहरूको अनुभव सुनाए । पहिलो चरणको छलफल कानूनी व्यवस्था भन्दा पनि व्यवहारिक पाटाहरूमा केन्द्रित हुन गयो ।

पहिलो चरणको छलफलमा उठेका कुराहरू समेतको आधारमा हामीले प्रारम्भिक मस्यौदा तयार पार्यौं । मस्यौदा तयार भइसकेपछी सबै संघसंस्थाहरूलाई पठायौं र त्यस मस्यौदाको अध्ययन गरी टिप्पणी प्रदान गर्न अनुरोध गर्यौं । त्यहाँबाट टिप्पणी प्राप्त भइसकेपछी दोस्रो चरणको छलफलका निम्ति आमन्त्रणा गर्यौं । नेपाल संवत् ११४१ तछला २ तदनुसार २०७८ जेठ ५ गते दोस्रो चरणको छलफल गरियो । उक्त छलफलमा हामी मस्यौदा विधेयकको मस्यौदामा केन्द्रित भएर कुराकानी गर्यौं र पहिलो चरणको छलफलमा उठेका लैङ्गिक पहिचान सम्बन्धी व्यवहारिक चुनौतीहरू समाधानार्थः र सम्बोधनार्थः प्रावधानको उल्लेख बारे कुराकानी गर्यौं ।

दोस्रो चरणको छलफल पछी हामीले प्रारम्भिक मस्यौदामा सुधार संशोधन गर्यौं र पुनःश्च सबै संघसंस्थाहरूलाई पठायौं । अनलाइन मार्फत् भेटघाटै गरी दुई पटक मात्र कार्यक्रम गरिएको थियो भने त्यसपछी सात पटक सम्म मस्यौदा पठाउने र टिकाटिप्पणी प्राप्त भए अनुसार सुधार संशोधन गर्ने गर्यौं । कतिपय व्यक्ति तथा संस्थाहरू थप

प्रष्ट हुन चाहेका र उनीहरूद्वारा प्राप्त भएको लिखित टिप्पणीमा थप प्रष्ट हुन आवश्यक भएर स-साना छलफल कार्यक्रमहरू पनि गरिए ।

त्यसका साथै सामाजिक संजालमा हामी यस प्रकारको कार्य गर्दैछौँ र हामीले तयार पारेको मस्यौदामा टिकाटिपणी प्रदान गर्न इच्छुक भएमा सम्पर्क गर्न आवहान गर्‍यौँ । त्यसबाट अरु संघसंस्था तथा व्यक्तिहरू पनि जोडिन पुगे । उनीहरूबाट पनि लिखित मौखिक टिपणीहरू प्राप्त भयो । ती मध्ये बडी एण्ड डाटाले आफ्नो संस्थाका कार्यकारी सदस्यहरू बीच मस्यौदामा छलफल सत्र आयोजना गरे र मस्यौदाको डक फाइलमा लिखित टिप्पणी टाँस गरेर पठाए । तान नेपाल (लूम) ले भने आफ्नो कार्यालयमा बोलाएर मौखिक टिप्पणी दिएका थिए । कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) मा कार्यरत अधिवक्ताहरूले अनलाइन भेटघाट कार्यक्रम आयोजना गरे जसमा हामीले मस्यौदा प्रस्तुत एवं हाम्रो व्याख्या गर्‍यौँ र ल्याकका अधिवक्ताहरूले दफावार टिप्पणी दिए । त्यस बाहेक कतिपय व्यक्तिहरूले व्यक्तिगत तवरबाट पनि लिखित मौखिक टिकाटिपणी दिए । ती मध्ये केही अधिवक्ताहरू थिए भने अधिकांश व्यक्तिहरू लैङ्गिक पहिचानका आधारमा सिमान्तकृत युवाहरू थिए । फुक्का संजाल (लूज-नेटवर्क) का रूपमा रहिरहेका एवं विभिन्न स्वतःस्फूर्त समूहहरूले पनि लिखित मौखिक टिकाटिपणी प्रदान गरे ।

अन्ततः हामी यस परियोजनामा संलग्न सबै संघसंस्थाहरूले मस्यौदा चित्त बुझेको र कुनै थप प्रतिक्रिया नरहेको बताइसकेपछी त्यसलाई अन्तिम मस्यौदा विधेयकका रूपमा तयार पार्‍यौँ ।

हामी रुक्शना कपाली, एलिन भण्डारी र सुबिन मुल्मी तीनै जनाको सहकार्य र सहयोगदानले यस परियोजनालाई कार्यान्वयन गरी यस पुस्तकका सामाग्रीहरू तयार गर्न सफल भयौँ । पुस्तकमा उल्लेखित सामाग्रीहरूलाई पुस्तकको रूप दिने कार्यभार रुक्शना कपालीले पूर्ती गरे ।

अन्ततः नेपाल संवत् ११४१ कछला तदनुसार २०७७ कार्तिकबाट सुरु भएको यस परियोजनाले नेपाल संवत् ११४२ कछला तदनुसार २०७८ कार्तिकमा अन्तिम स्वरूप पायो । हामीले यस पुस्तकमा अघि सारेको मस्यौदा विधेयक सम्बन्धित समुदाय स्तरमा व्यापक छलफल एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोत सामाग्रीहरूको गहन अध्ययन पश्चात् तयार पारेका हौँ । यो पुस्तक हामी सबैका लागि उपयोगी हुनेछ भन्ने आशा गर्दछौँ । त्यसका साथै नेपालको कानून निर्माता लगायत राज्यका सबै सम्बन्धित निकायहरूलाई यस पुस्तक अध्ययन गरी यसमा अघि सारिएको मस्यौदा विधेयकलाई ऐन कानूनका रूपमा पारित गर्न र हाम्रो हकाधिकारलाई कानूनतः स्थापित संरक्षण गर्न जोड्दार माग गर्दछौँ ।

सबैले आ-आफूले सक्दो ढङ्गमा पहल गरौँ, वकालत गरौँ ।

# कृतज्ञता ज्ञापन


यस परियोजनाको अवधारणालाई यथार्थरूप दिन आर्थिक सहयोग गरेकोमा एसिया प्रशान्त पारलैङ्गिक संजाल (Asia Pacific Transgender Network) प्रति हामी कृतज्ञ छौँ । उक्त संजालको सचिवालय थाइल्याण्डको ब्याङ्कक शहरमा स्थित छ । संजालको वेबसाइट https://weareaptn.org/ हो । यस परियोजनाको अवधारणा अघि सारेकोमा रुक्शना कपाली प्रति कृतज्ञ छौँ । संजालको Amplifying Trans Advocacy Fellowship 2020 मा हामीहरू सहभागी थियौँ ।

१) एलिन भण्डारी, काठमाडौँ - पारलैङ्गिक अधिकारकर्मी तथा Monitoring, Evaluation, Accountability and Learning (MEAL) officer I
२) रुक्शना कपाली, ललितपुर - पारलैङ्गिक अधिकारकर्मी, नेपालभाषा अभियान्ता, BALLB कानून विद्यार्थी (पूवि), BA भाषाविज्ञान तथा समाजशास्त्र विद्यार्थी (त्रिवि) ।

हामीले यस परियोजनाको कार्यार्थः aptnfellow.nepal@gmail.com ईमेल अकाउन्ट बनाएका थियौँ । यस परियोजना अन्त्य भएको एक वर्ष पछी यो ईमेल अकाउन्ट बन्द गरिनेछ । हामीलाई rukshana.newa@gmail.com र elynbhandari@gmail.com मा सम्पर्क गर्न सकिन्छ ।

यस पुस्तकमा प्रस्तावित लैङ्गिक पहिचान सम्बन्धी विधेयक, २०७८ तयार पार्न विभिन्न चरणका छलफलहरूमा सहभागी भई मस्यौदाहरूमा टिक्काटिप्पणी प्रदान गरि हामीलाई देहायका संघसंस्थाहरूको सहयोग प्राप्त भएको थियो ।

ती मध्ये देहायका संस्थाहरू लैङ्गिक पहिचान लगायतका क्षेत्रमा कार्यरत र सिमान्तकृत समूह अन्तरलिङ्गी व्यक्ति, गैर–द्वयसांखिक व्यक्ति, तेस्रोलैङ्गिक व्यक्ति तथा पारलैङ्गिक व्यक्तिहरूद्वारा नेतृत्व गरिएका संस्थाहरू हुन् ।

प्रदेश १

१) परिवर्तनशील समाज — Pariwartanshil Samaj — मोरङ
दर्ता नं : २०९८/२०६५, जिल्ला प्रशासन कार्यालय मोरङ
biratnagarbds@gmail.com

२) मानव कल्याण समाज — Human Welfare Society — सुनसरी
दर्ता नं : १२६१/१२२३/०६३/६४, जिल्ला प्रशासन कार्यालय सुनसरी
humanwelfare.ith@gmail.com

| | | | |
|---|---|---|---|
| ३) | लिड नेपाल | Lead Nepal | झापा |
| | दर्ता नं : १६७३/२०६६, जिल्ला प्रशासन कार्यालय झापा | | |
| | leadnepaljhapa@gmail.com | | |

प्रदेश २

| | | | |
|---|---|---|---|
| ४) | चौतारी नेपाल | Chautari Nepal | महोत्तरी |
| | दर्ता नं : १०३४/२०६७, जिल्ला प्रशासन कार्यालय महोत्तरी | | |
| | nepalchautari201@gmail.com | | |
| ५) | जीवन ज्योति समाज | Jiwan Jyoti Samaj | सिरहा |
| | दर्ता नं : ८४७/२०६७, जिल्ला प्रशासन कार्यालय सिरहा | | |
| | lahanbds@gmail.com | | |
| ६) | पहिचान नेपाल | Pahichan Nepal | सर्लाही |
| | दर्ता नं : ११२३/२०६७, जिल्ला प्रशासन कार्यालय सर्लाही | | |
| | dpc.malangawa@gmail.com | | |
| ७) | ब्लु हेभेन नेपाल | Blue Heaven Nepal | बारा |
| | दर्ता नं : १२५३/२०६६, जिल्ला प्रशासन कार्यालय बारा | | |
| | nepalheaven946@gmail.com | | |
| ८) | सप्तरंगी नेपाल | Saptarangi Nepal | रौतहट |
| | दर्ता नं : १५५२/२०६७, जिल्ला प्रशासन कार्यालय रौतहट | | |
| | routahot.bds@gmail.com | | |
| ९) | सहयात्री समाज नेपाल | Sahayatri Samaj Nepal | पर्सा |
| | दर्ता नं : ११७५/२०६५, जिल्ला प्रशासन कार्यालय पर्सा | | |
| | sahayatriparsa@gmail.com | | |
| १०) | सहयोगी समाज | Sahayogi Samaj | सप्तरी |
| | दर्ता नं : ७८८/२०५६, जिल्ला प्रशासन कार्यालय सप्तरी | | |
| | ssrbj.saptari@gmail.com | | |
| ११) | सुनौलो विहानी समाज | Golden Morning Society | धनुषा |
| | दर्ता नं : ११५४/२०६३, जिल्ला प्रशासन कार्यालय धनुषा | | |
| | bdsjanakpur@gmail.com | | |

बागमती प्रदेश

| | | | |
|---|---|---|---|
| १२) | क्याम्पेन फर चेन्ज | Campaign For Change | काठमाडौँ |

दर्ता नं : १६८३०१/०७३/०७४, कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौँ
campaignforchange17@gmail.com

१३) क्रूज एड्स नेपाल | Cruise Aids Nepal | काठमाडौँ
दर्ता नं : ७१९/२०६३, जिल्ला प्रशासन कार्यालय काठमाडौँ
cruiseaids@gmail.com

१४) क्वयेर युथ ग्रुप | Queer Youth Group | ललितपुर
दर्ता नं : २४४९३५/०७७/०७८, कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौँ
queeryouthgroup.nepal@gmail.com

१५) नील हिरा समाज | Blue Diamond Society | काठमाडौँ
दर्ता नं : १५४/१३३९ (२०५८), जिल्ला प्रशासन कार्यालय काठमाडौँ
bdsboard@gmail.com, info@bds.org.np

१६) परिचय समाज | Parichaya Samaj | ललितपुर
दर्ता नं : १८२/२०६३, जिल्ला प्रशासन कार्यालय ललितपुर
parichayasamaj@gmail.com

१७) फ्रेण्ड्स हेटौँडा | Friends Hetauda | मकवानपुर
दर्ता नं : १३३८/२०६७, जिल्ला प्रशासन कार्यालय मकवानपुर
friendshetauda2015@gmail.com

१८) युनिटी फर चेन्ज | Unity for Change | काठमाडौँ
दर्ता नं : २३४५६९/०७६/०७७, कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौँ
u4change2019@gmail.com

१९) हाम्रो समान पहुँच | Hamro Saman Pahuch | भक्तपुर
दर्ता नं : १०२४/२०६७, जिल्ला प्रशासन कार्यालय भक्तपुर
hamrosamanpaunch@gmail.com

२०) ह्यूमन कन्सियस सोसाइटी | Human Conscious Society | चितवन
दर्ता नं : ८४ /०६४/०६५, जिल्ला प्रशासन कार्यालय चितवन
humanconscioussociety@gmail.com

गण्डकी प्रदेश

२१) नौलो बिहानी पोखरा | Naulo Bihani Pokhara | कास्की
दर्ता नं : १७३५/२०६३, जिल्ला प्रशासन कार्यालय कास्की
naulobihani2006@gmail.com

| | | | |
|---|---|---|---|
| २२) | सशक्तिकरण नेपाल | Saktikaran Nepal | नवलपरासी |
| | दर्ता नं : १५६५/२०६७, जिल्ला प्रशासन कार्यालय नवलपरासी<br>empnepal.parasi@gmail.com | | |

लुम्बिनी प्रदेश

| | | | |
|---|---|---|---|
| २३) | नव जीवन | Nava Jeevan | कपिलवस्तु |
| | दर्ता नं : ७३०/०६७/०६८, जिल्ला प्रशासन कार्यालय कपिलवस्तु<br>kapilvastu.navajivan@gmail.com | | |
| २४) | सुन्दर संसार | Sundar Sansar | बर्दिया |
| | दर्ता नं : ५४१/०६७/०६८, जिल्ला प्रशासन कार्यालय बर्दिया<br>bardiyabds@gmail.com | | |
| २५) | ह्यूमन हेल्थ सोसायटी | Human Health Society | दाङ |
| | दर्ता नं : ८२६/२०६७, जिल्ला प्रशासन कार्यालय दाङ<br>hhsdang123@gmail.com | | |
| २६) | एक्लोलाई साहारा दिने बृक्ष समुह | Mono Supporting Maple Group | रुपन्देही |
| | दर्ता नं : ११३६/०६३/०६४, जिल्ला प्रशासन कार्यालय रुपन्देही<br>msmgnepal@gmail.com | | |
| २७) | वेस्ट्रन स्टार नेपाल | Western Star Nepal | बाँके |
| | दर्ता नं : ७८६/०६३/०६४, जिल्ला प्रशासन कार्यालय बाँके<br>western.starnepalgunj@gmail.com | | |

सुदुरपश्चिम प्रदेश

| | | | |
|---|---|---|---|
| २८) | सहयात्रा नेपाल | Sahayatra Nepal | कञ्चनपुर |
| | दर्ता नं : ९५९/२०६६, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर<br>kanchanpurbds@gmail.com | | |
| २९) | सुदुरपश्चिम समाज | Sudur Paschim Samaj | कैलाली |
| | दर्ता नं : १२८०/०६५/०६६, जिल्ला प्रशासन कार्यालय कैलाली<br>spsdhangadhi@gmail.com | | |

महासंघहरूमा दर्ता नं १२१४/२०६४ (जिप्रका काठमाडौँ) रहेको *यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको महासंघ नेपाल (Federation of Sexual and Gender Minorities Nepal)* fsgmn@yahoo.com र हाल गैर-

पञ्जिकृत फुक्का संजालका रूपमा रहेका *सिमान्तकृत यौन अभिमुखिकरण, लैङ्गिक पहिचान तथा यौन विशेषताका व्यक्तिहरूको महासंघ (Federation of People of Marginalized Sexual Orientation, Gender Identity and Sex Characteristics)* queerfederation2019@gmail.com बाट पनि सहयोग प्राप्त थियो ।

त्यस बाहेक पनि देहायका विभिन्न क्षेत्रमा कार्यरत संस्थाहरू पनि छन् ।

१) बडी एण्ड डाटा — Body & Data

— इन्टरनेट र यौनिकताको अन्तर्सम्बन्धमा कार्यरत संस्था ।

https://bodyanddata.org/

२) कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) — Legal Aid and Consultancy Centre (LACC)

— महिला तथा बालबालिकाको न्यायमा पहुच पुऱ्याई उनीहरूको कानूनी हक अधिकार तथा समग्रमा मानव अधिकारको रक्षा गर्ने उद्धेश्यले स्थापना भएको संस्था।

http://www.laccnepal.org/

३) तान नेपाल (लूम) — Taan Nepal (LOOM)

— महिलावादी संजाल संस्था ।

https://taannepal.org.np/

यस परियोजनामा हामीलाई मस्यौदामा टिकाटिप्पणी प्रदान गरि देहायका फुक्का संजाल (लूज-नेटवर्क) हरूको पनि सहयोग प्राप्त भयो ।

१) क्वयेर राइट्स कलेक्टिभ — Queer Rights Collective

queercollectivenepal@gmail.com

२) क्वयेर डिसेबल्ड — Queer Disabled

https://www.instagram.com/queer.disabled/

३) नन्-बाइनेरी कलेक्टिभ — Non-binary Collective

https://www.facebook.com/nbcollectivenepal

४) पारलैङ्गिक अधिकार समूह / ट्रान्स राइट्स कलेक्टिभ — Trans Rights Collective

transrightscollective@gmail.com

५) नेपाली अयौनिक — Nepali Asexuals

nepaliasexuality@gmail.com

यस परियोजनामा हामीलाई मस्यौदामा टिकाटिप्पणी प्रदान गरि देहायका व्यक्तिहरूबाट पनि सहयोग प्राप्त भएको थियो ।

| | | | |
|---|---|---|---|
| १) | आयान थपलिया | पाल्पा | मानविकी संकायमा स्नातक तथा पारलैङ्गिक अधिकारकर्मी |
| २) | आरोन थापा | काभ्रे | व्यवसाय प्रशासनमा स्नातक तथा पारलैङ्गिक अधिकारकर्मी |
| ३) | इशान रेग्मी | बाजुरा | नेपाली भाषा र साहित्यमा स्नातक तथा अन्तरलिङ्गी अधिकारकर्मी |
| ४) | कबिता बाहिङ | ओखलढुङ्गा | LLB स्नातक, Gender Studies स्नातकोत्तर तथा अधिकारकर्मी |
| ५) | डा. कुमुद राना | काठमाडौँ | लैङ्गिकता तथा यौनिकता अभियानका क्षेत्रमा प्रज्ञिक अध्ययनकर्ता |
| ६) | नूर केसी | कास्की | पारलैङ्गिक अधिकारकर्मी |
| ७) | बिपिन कडायत | अछाम | अन्तरलिङ्गी अधिकारकर्मी |
| ८) | मनिषा ढकाल | काठमाडौँ | नील हिरा समाजको कार्यकारी अध्यक्ष तथा मानव अधिकारकर्मी |
| ९) | रीता बरामु | गोरखा | LLB स्नातक, Gender Studies स्नातकोत्तर तथा अधिकारकर्मी |
| १०) | सगुन थापा | बागलुङ | व्यवसाय अध्ययनमा स्नातक तथा पारलैङ्गिक अधिकारकर्मी |

उपरोक्त सूचिकृत व्यक्तिहरू बाहेक पनि आफ्नो पहिचान गोप्य राख्न चाहेका योगदानकर्ताहरू सबै प्रति हामी कृतज्ञता ज्ञापन गर्दछौँ । यस परियोजनामा विभिन्न जिल्लाका संस्थाहरूमा सम्पर्क एवं समन्वय गर्नमा नील हिरा समाजका कार्यकारी निर्देशक मनिषा ढकालको विशेष भूमिका थियो भने गौरी नेपालीले पनि सहयोग गरेका थिए ।

साथै यस परियोजनामा देहायका कानून व्यवसायीहरूको सहयोग प्राप्त भएको थियो ।

१) अधिवक्ता सुबिन मुल्मी (प्रमुख कानूनी सल्लाहकार)
२) अधिवक्ता अनिता न्यौपाने थपलिया
३) अधिवक्ता अन्जना न्यौपाने खनाल
४) अधिवक्ता चण्डेश्वरी तण्डुकार
५) अधिवक्ता दीक्षा खड्गी
६) अधिवक्ता दुर्गा कार्की
७) अधिवक्ता पुण्य शिला दवाडी घिमिरे
८) अधिवक्ता प्रपुसा के.सी
९) अधिवक्ता रूप नारायण श्रेष्ठ
१०) अधिवक्ता सरोज बिष्ट

# तालिका


| क्र.सं. | अध्याय | पृष्ठ संख्या |
|---|---|---|
| १) | परिचय | १ — २ |
| २) | कानूनी व्यवस्थाको आवश्यकता | ३ — ६ |
| ३) | मस्यौदा विधेयकको दफावार व्याख्या | ७ — १९ |
| ४) | मस्यौदा विधेयक | २० — ३२ |
| ५) | ऐनसँग सम्बन्धित ढाँचा | ३३ — ३७ |
| ६) | अरु ऐन कानूनमा संशोधन | ३८ — ४२ |
| ७) | स्रोत सामाग्री | ४३ — ४९ |

# परिचय

हाम्रो सामाजिक मूल्य मान्यता अनुसार मानव प्रजातिमा दुई थरी यौनाङ्ग भएका मानिसहरू जन्मन्छन् भन्ने बुझाई छ भने सोही दुई थरी यौनाङ्गको आधारमा व्यक्तिको लैङ्गिकता महिला वा पुरुष भनि निर्धारण गर्ने गरिन्छ । यो द्वयसांखिक (बाइनेरी) अवधारणाले सदियौँ सम्म थुप्रै विविधताका व्यक्तिहरूलाई अवधारणागत वहिष्करणमा पारेको छ भने सोही कारण यी वहिष्करणमा परेका व्यक्तिहरू लाञ्छना, विभेद र हिंसा भोग्न बाध्य भएका छन् । तसर्थ यी वहिष्करणमा पारिएका वर्गले त्यस्ता अवधारणाको खण्डन गर्दै क्रमशः सबैलाई समावेशी हुने अवधारणा विकास हुँदै आएको छ ।

अन्तर्राष्ट्रिय प्रचलन अनुसार ***यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषता (SOGIESC)*** भन्ने शब्दावली प्रचलित छ । यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषता तीन फरक फरक विषयहरू हुन् । ती तीन विषयहरू मध्ये यस ऐनमा ***लैङ्गिक पहिचान***को विषयलाई सम्बोधन गरिएको छ ।

यौन विशेषता अन्तरगत कुनै व्यक्तिको प्रजनन ग्रन्थी, यौनाङ्ग, गुणसुत्र (chromosomes) को ढाँचा पर्दछन् । पुलिङ्गी र स्त्रीलिङ्गी शरीरको परम्परागत धारणा बाहेक पनि थुप्रै यौन विशेषताका विविधताहरू छन् । ती सबै विविधताहरूलाई ***अन्तरलिङ्गी विविधता*** भनिन्छ । पुलिङ्गी वा स्त्रीलिङ्गी शरीरका परम्परागत धारणाहरूमा नअटाउने यौन विशेषता भएका व्यक्तिहरूलाई ***अन्तरलिङ्गी व्यक्ति*** (अङ्ग्रेजीमा : ***Intersex person***) भनिन्छ । अन्तरलिङ्गी यौन विशेषताका थुप्रै विविधताहरू पाइन्छ । यसका केही विविधताहरूको चर्चा गर्दा जस्तै कुनै व्यक्तिको बाहिरी यौनाङ्ग योनी हुने र आन्तरिक अण्डकोष हुने, बाहिरी यौनाङ्ग शिश्न हुने र आन्तरिक पाठेघर हुने, शिश्न र योनी दुबै यौनाङ्ग हुने, XXY, XYY, XO/XX, लगायतका गुणसुत्रीय ढाँचा हुने, इत्यादी ।

कुनै शिशु जन्मदाका बखत उसको यौनाङ्ग शिश्न भएमा उसलाई केटा वा पुरुष र कुनै शिशु जन्मदाका बखत उसको यौनाङ्ग योनी भएमा उसलाई केटी वा महिला भनि निर्धारण गरिन्छ । सबै अन्तरलिङ्गी विविधताहरू जन्मँदै द्दश्यक हुँदैन तर जस्तै दुबै यौनाङ्ग वा अस्पष्ट यौनाङ्ग भएका व्यक्तिहरूको हकमा अभिभावकले आफ्नो इच्छा अनुसार केटा वा केटा भनेर हुर्काउने गरेको पाइन्छ । यसलाई ***जन्मँदा इङ्गित गरिएको लैङ्गिकता*** भनिन्छ ।

***लैङ्गिक पहिचान*** भन्नाले व्यक्तिको स्वःअनुभूतीको लैङ्गिकता हो । व्यक्तिको भित्री मन वा अन्तरात्माबाट लैङ्गिकता सम्बन्धीको व्यक्तिगत अनुभूति तथा अनुभव नीजको लैङ्गिक पहिचान हो । कुनै व्यक्ति आफू महिला, पुरुष वा त्यस बाहेक रहेको अन्तरमनको बोध उसको लैङ्गिक पहिचान हो । यसलाई ***लैङ्गिक अन्तरबोधन*** (अङ्ग्रेजीमा : *innate sense of gender*) पनि भन्ने गरिन्छ । कुनै पनि शिशुलाई जन्मदाका बखत आफ्नो लैङ्गिकताको बारे चेतना हुँदैन । लैङ्गिक पहिचान व्यक्ति हुर्कँदै जाने क्रममा निजले गर्ने आफ्नो लैङ्गिकता प्रतिको अनुभूतीबाट थाहा हुँदै जाने विषय हो ।

यदि कुनै व्यक्तिको लैङ्गिक पहिचान उसलाई जन्मँदा इङ्गित गरिएको लैङ्गिकता अनुरूप नै छ भने नीजलाई ***त्याचलैङ्गिक व्यक्ति*** (अङ्ग्रेजीमा : *Cisgender person*) र यदि कुनै व्यक्तिको लैङ्गिक पहिचान उसको जन्मँदा इङ्गित गरिएको लैङ्गिकता भन्दा फरक छ भने नीजलाई ***पारलैङ्गिक व्यक्ति*** (अङ्ग्रेजीमा : *Transgender person*) भनिन्छ ।

जन्मँदा पुलिङ्गी इङ्गित गरिएको र लैङ्गिक पहिचान पनि पुरुष हुँदा ***त्याचलैङ्गिक पुरुष*** (अङ्ग्रेजीमा : *Cis man*) तथा जन्मँदा स्त्रीलिङ्गी इङ्गित गरिएको र लैङ्गिक पहिचान पनि महिला हुँदा त्याचलैङ्गिक महिला (अङ्ग्रेजीमा : *Cis woman*) भनिन्छ भने जन्मँदा पुलिङ्गी इङ्गित गरिएको र लैङ्गिक पहिचान महिला हुँदा ***पारलैङ्गिक महिला*** (अङ्ग्रेजीमा : *Trans woman*) तथा जन्मँदा स्त्रीलिङ्गी इङ्गित गरिएको र लैङ्गिक पहिचान पुरुष हुँदा ***पारलैङ्गिक पुरुष*** (अङ्ग्रेजीमा : *Trans man*) भनिन्छ ।

यी लैङ्गिक पहिचानहरू महिला र पुरुषको द्वयसंख्यामा पर्दछ भने यस द्वयसंख्या बाहेकका लैङ्गिक पहिचानहरूलाई ***गैर-द्वयसांखिक*** (अङ्ग्रेजीमा : *Non-binary*) भनिन्छ । त्यसै गरी नेपालमा ***तेस्रोलैङ्गिक*** (अङ्ग्रेजीमा : *Third gender*) भन्ने शब्द पनि प्रचलनमा छ । तेस्रोलैङ्गिक पहिचान धर्म-संस्कृतिमा आधारित हो ।

अन्तरलिङ्गी व्यक्ति हुनु यौन विशेषताको आधारमा हो, तसर्थ अन्तरलिङ्गी व्यक्तिहरूको पनि लैङ्गिक पहिचान हुन्छ । अन्तरलिङ्गी यौन विशेषता भएका व्यक्तिहरूको लैङ्गिक पहिचान पुरुष, महिला, गैर-द्वयसांखिक वा तेस्रोलैङ्गिक हुने गर्दछ । त्यसै गरी अन्तरलिङ्गी व्यक्तिहरूलाई पनि जन्मँदा इङ्गित गरिएको लैङ्गिकता अनुरूप लैङ्गिक पहिचान हुँदा त्याचलैङ्गिक र जन्मँदा इङ्गित गरिएको लैङ्गिकता भन्दा फरक लैङ्गिक पहिचान भएमा पारलैङ्गिक भनि व्याख्या गर्न सकिन्छ ।

लैङ्गिक पहिचान विविधतापूर्ण छ । हाम्रो समाजले यी विविध लैङ्गिक पहिचानहरू स्वीकार गर्न सकेको छैन । त्यसैको प्रतिबिम्ब समाजमा त्याचलैङ्गिक व्यक्तिहरूको वर्चस्व छ र त्याचलैङ्गिक व्यक्तिहरूलाई मात्र 'सामान्य' मानिन्छ । त्यसैले त्याचलैङ्गिक व्यक्तिहरूको सर्वमान्यतामा हाम्रो मूल्यमान्यता तथा संरचनाहरू निर्मित छन् । त्याचलैङ्गिक व्यक्तिहरूकै वास्तविकतलाई मानव जीवनको वास्तविकता रूपमा बुझ्ने गरिन्छ । यसरी ***त्याचलैङ्गिक समीभाव*** (अङ्ग्रेजीमा : *Cisnormativity*) को आधारमा निर्मित संरचना तथा व्यवस्थाहरूले गैर-त्याचलैङ्गिक व्यक्तिहरूलाई विभेद तथा वहिष्करणमा पार्नु स्वभाविक नै भयो । यसै कारण त्याचलैङ्गिक व्यक्तिहरू संरचनात्मक लाभमा छन् भने गैर-त्याचलैङ्गिक व्यक्तिहरू विभेद, हिंसा तथा लाञ्छनामा पिल्सिरहेका छन् । र यही त्याचलैङ्गिक समीभाव हाम्रो समाजमा मात्र नभएर कानूनी व्यवस्थामा समेत प्रतिबिम्बित छ ।

# कानूनी व्यवस्थाको आवश्यकता

हाम्रो समाजमा शिश्न लिएर जन्मेको बच्चालाई केटा र योनी लिएर जन्मेको बच्चालाई केटी भनेर तोकिन्छ र सोही लैङ्गिकता अनुसार हुर्काइन्छ । यदि कोही शिशुको दुबै यौनाङ्ग छ भने उसलाई कसरी हुर्काउने बारे हाम्रो सामाजिक मूल्यमान्यता स्पष्ट छैनन् । यी व्यक्तिहरू त शिशु अवस्था देखि नै हिंसा, लाञ्छना र वञ्चितिकरणमा पर्छन् । त्यस बाहेक पनि शिशु अवस्थामा केटा ठानिएका व्यक्तिहरूको स्वःअनुभूतीको लैङ्गिकता केटी र शिशु अवस्थामा केटी ठानिएका व्यक्तिहरूको स्वःअनुभूतीको लैङ्गिकता केटा भएमा ती व्यक्तिहरूको लैङ्गिक अभिव्यक्ति एवं आचरणको आधारमा अनेकौं लाञ्छना र हिंसाको शिकार हुनुपर्ने अवस्था छ ।

व्यक्तिको लैङ्गिक पहिचान जन्मनासाथ थाहा हुँदैन । व्यक्ति हुर्कने बढ्ने क्रममा स्वःअनुभूती भई र स्वःविश्वस्त भएपछि मात्रै आफ्नो पहिचान निर्धारण गर्न सकिन्छ । अधिकांश व्यक्तिहरूले आफ्नो स्वःअनुभूतीको लैङ्गिकता सानै उमेरमा पनि थाहा पाइसकेको हुन्छ । तर हाम्रो समाजले भने यौनाङ्गको आधारमा ठानिएको लैङ्गिकतासँग अमेल खाने अभिव्यक्ति तथा अनुभूतीहरूलाई 'असमान्य' वा अरु कुनै लाञ्छित शब्दावलीहरूले चिन्ने गर्दछ । त्यस्ता अभिव्यक्ति तथा अनुभूतीलाई निरुत्साहित गरिन्छ र ती व्यक्तिहरूलाई आफ्नो प्रकृति प्रति लज्जित तुल्याउनका साथै विभिन्न प्रकारका विभेद, लाञ्छना, घृणा, हेला, तिरस्कार एवं हिंसाको शिकार हुनुपर्ने अवस्था रहेको छ । त्यसमाथी समाजमा लाञ्छित तुल्याइने विषयवस्तुको खुलेर वा सम्मानजनक ढङ्गले कुराकानी हुने नै भएन । हाम्रो शिक्षा प्रणालीमा विद्यालयहरूमा पनि यस बारे कहीकतै सिकाइँदैन । त्यस बाहेक अरु प्रकारका स्रोतहरू जस्तै पत्रपत्रिका, रेडियो, इन्टरनेट लगायतका माध्यमहरूमा केकति पहुँच छ र ती माध्यमहरूमा यस बारे कति कसरी जानकारी उपलब्ध हुन्छन् भन्ने विषयले समेत व्यक्तिको जानकारीमा प्रभाव पार्दछ । यसकारण सर्वप्रथम त कतिपय व्यक्तिहरूलाई आफ्नो पहिचानमा स्वःविश्वस्त हुन नै समय लाग्छ । कतिपय व्यक्तिहरूलाई म किन यस्तो रहेछु, म मात्र किन यस्तो रहेछु लगायतका अन्तर्द्वन्दहरू हुने गर्दछन् भने यही सामाजिक संरचनामा हुर्किएको कारणले आफ्नो लैङ्गिक अनुभूती तथा अभिव्यक्ति प्रति हीनताबोध र स्वःलाञ्छना समेत हुने गरेको छ । आफू स्वःविश्वस्त भएको खण्डमा पनि अरु व्यक्ति, समाज लगायतबाट हुने विभेद तथा अवहेलनाको दृष्य अदृष्य डर र त्रासका कारण आफ्नो पहिचान अनुसार जीवन व्यतित गर्ने सामर्थ्य नहुन सक्छ । आफ्नो लैङ्गिक पहिचान अनुसार जीवन निर्वाह गरेमा वा आफ्नो लैङ्गिक पहिचान बाहिऱ्याएमा घरपरिवारबाट निकालिएला कि ? विद्यालयबाट निकालिएला कि ? आफ्नो साथीभाइहरूले गिज्याउने होच्याउने लगायतको अवहेलनापूर्ण व्यवहार गरे भने ? कार्यालयबाट निष्कासन गरिदिए भने ? कुटपिट तथा अन्य हिंसामा परियो भने ? गाउँघरबाट नै लखेटियो भने ? टोलछिमेकमा हिंड्नै नसक्ने वा बस्नै नसक्ने अवस्था आयो भने ? यस्ता दृश्य अदृश्य डरहरू छन् नै । प्रत्येक व्यक्तिको जीवन र परिस्थितिहरू फरक-फरक हुन्छ । त्यसै कारण नीजको वैयक्तिक जीवनको अनुकूलता अनुसार कहिले कसरी आफ्नो लैङ्गिक पहिचान अनुसार खुलेर आउन सकिन्छ र जीवनयापन गर्न सकिन्छ भन्ने विषय व्यक्तिपरक हुन्छ / व्यक्ति पिच्छे फरक हुन्छ ।

अतः कुनै व्यक्ति स्वयंले आफ्नो लैङ्गिक पहिचान के हो भनि स्वःविश्वस्त हुन अगावै शिशु अवस्थामा गरिदिएको निर्णयअनुसार त्याचलैङ्गिक व्यक्तिहरूको लैङ्गिक पहिचान सहितको परिचय कायम नै भइसकेको हुन्छ भने गैर-त्याचलैङ्गिक व्यक्तिहरूका लागि आफ्नो लैङ्गिक पहिचान सहितको परिचय कायम गर्नका लागि नाम तथा लैङ्गिक विवरण संशोधन गर्नु अपरिहार्य रहन्छ ।

लैङ्गिकता सम्बन्धी हाम्रो कानून पनि समाजमा व्यापक *त्याचलैङ्गिक समीभाव* (*Cisnormativity*) मा आधारित छ । त्याचलैङ्गिक व्यक्तिहरूको जीवनको वास्तविकता नै सबै मानिसहरूको जीवनको वास्तविकता हो भन्ने प्रकारको सोचाइका कारण गैर-त्याचलैङ्गिक व्यक्तिहरूको जीवनको वास्तविकता नगणन्यमा पारिन्छ । गैर-त्याचलैङ्गिक व्यक्तिहरूलाई विभेद र हिंसाको शिकार बनाउने यस्ता थुप्रै सामाजिक, सांस्कृतिक र संरचनात्मक व्यवस्थाहरू कारक रहेका छन् भने त्यस मध्ये वैयक्तिक कागजप्रमाणहरू वा कानूनी पहिचानका दस्तावेजहरू र ती कागजातहरू प्राप्त गर्ने प्रक्रिया पनि हुन् ।

बच्चा जन्मेको ३० दिन भित्र जन्म दर्ता गरिनुपर्ने कानूनी प्रावधान रहेको छ जसमा नीजको नाम र लैङ्गिक विवरण उल्लेख गर्नुपर्दछ । सोही जन्मदर्ताको आधारमा विद्यालयमा भर्ना गरिन्छ र विद्यालयको अभिलेख खडा हुन्छ । विद्यालयको अभिलेख र जन्म दर्ता बमोजिमका विवरणहरूको आधारमा बोर्ड परिक्षाहरूको रजिष्ट्रेशन हुने र सोही अनुसार प्रमाणपत्रहरू बन्दछन् । नागरिकता प्रमाणपत्र बनाउन जन्म दर्ता तथा शैक्षिक प्रमाणपत्रहरू पेश गर्नुपर्दछ र सोही विवरण अनुसार नै नागरिकता प्रमाणपत्र बन्दछ । नागरिकता प्रमाणपत्र बनेपश्चात् सोही विवरण अनुसार मतदाता परिचयपत्र, राहदानी, बैंक खाता, लगायत सबै वैयक्तिक अभिलेखहरू खडा गरिन्छ । अतः कुनै व्यक्तिलाई शिशु अवस्थामा दिइने परिचय नै नीजको जीवनभर कायम रहने नेपालको कानूनी व्यवस्था रहेको छ । तसर्थ व्यक्तिगत कागजप्रमाणहरूमा नाम तथा लैङ्गिक विवरण संशोधन गर्ने प्रावधान भएन भने गैर-त्याचलैङ्गिक व्यक्तिहरूको परिचयपत्रमा लैङ्गिक पहिचान कायम हुन सक्दैन ।

समाजमा आफ्नो लैङ्गिक पहिचान अनुसार खुलेर जीवन निर्वाह गरिरहेको अवस्थामा पनि आफ्नो वैयक्तिक कागजप्रमाणहरूले आफ्नो लैङ्गिक पहिचानको प्रतिबिम्ब नगर्दा नीजहरू विभेद र हिंसाको निरन्तर शिकार भइरहनुपर्ने मात्र नभएर विभिन्न प्रकारको वञ्चितिकरणमा परिरहेका छन् । यही समस्यालाई समाधान गर्ने हेतु हामीले यस परियोजना मार्फत् वैयक्तिक कागजप्रमाणहरूमा लैङ्गिक पहिचानको विषयलाई सही सम्बोधन गर्ने मस्यौदा विधेयक तयार पारेका हौँ ।

## विधेयकको उद्देश्य

- लैङ्गिक पहिचानका आधारमा सिमान्तकृत जनसमुदायको लैङ्गिक पहिचान सहितको परिचय कायम गर्न पाउने कानूनी हक सुनिश्चित गर्न;

- लैङ्गिक पहिचानका आधारमा सिमान्तकृत जनसमुदायको लैङ्गिक पहिचान सहितको परिचय कायम गर्न विभेद रहित, सरल प्रक्रियागत र एकिकृत विधि अवलम्बन गर्ने कानूनी प्रावधान निर्माण गर्न;
- लैङ्गिक पहिचानका आधारमा सिमान्तकृत जनसमुदायको संवैधानिक हक कार्यान्वयन गर्न;
- लैङ्गिक पहिचानका आधारमा सिमान्तकृत जनसमुदाय सम्बन्धी अन्तर्राष्ट्रिय कानून तथा संयुक्त राष्ट्र संघका सुझाव प्रतिवेदनहरू कार्यान्वयन गर्न ।

## विधेयकको सीमितता

नेपालको मूल कानून नेपालको संविधान हो । यस मस्यौदा विधेयकको निर्माण पनि संविधानको दायरा भित्र नै भएको छ ।

लैङ्गिक पहिचानका आधारमा सिमान्तकृत जनसमुदायको हकाधिकारका विषय र नीजहरूले भोग्ने विभेद, हिंसा, लाञ्छना तथा वहिष्करणका विषयवस्तु सर्वव्यापी छन् । नेपालको सबै ऐन कानून यस जनसमुदायको सरोकारका विषय हुन् । प्रत्येक क्षेत्रमा हुने विभेदको सम्बोधन हुन आवश्यक छ । यस मस्यौदा विधेयकमा सीमान्तकृत लैङ्गिक पहिचानका व्यक्तिहरूको शिक्षाको समान हक, स्वास्थ्यको समान हक, रोजगारीको समान हक, समान सहभागिताको हक, सामाजिक सुरक्षाको अधिकार, सहभागिताको हक लगायत अन्य संवैधानिक, कानूनी अधिकार तथा अन्य मानव अधिकारहरूको विस्तृत व्याख्या वा संरक्षणका प्रावधानहरू राखिएको छैन । लैङ्गिक पहिचानसम्बन्धी सामाजिक मूल्य मान्यतामा परिवर्तन ल्याउन एउटा ऐन वा कानूनी व्यवस्था पर्याप्त हुँदैन । एउटै ऐनमा सीमान्तकृत लैङ्गिक पहिचान भएका व्यक्तिहरूको सम्पूर्ण अधिकारहरू समेट्न सकिन्न ।

यस मस्यौदा विधेयक व्यक्तिगत कागजप्रमाणहरूमा लैङ्गिक पहिचान कायम गर्ने विषयमा केन्द्रित रहेर बनेको छ । व्यक्तिगत कागजप्रमाणहरूमा लैङ्गिक पहिचान कायम गर्ने विषयलाई भने यस मस्यौदा विधेयकले व्यापक विस्तृत रूपमा सम्बोधन गरेको छ ।

## विधेयकको व्यापकता

नेपालमा लैङ्गिक पहिचानको विषय उठान भएको दुई दशक जति भएको छ । तथापि लैङ्गिक पहिचानका संवादहरू मुख्यतः लैङ्गिक विवरणमा महिला र पुरुष बाहेक तेस्रोलैङ्गिक विधा थप्ने र नागरिकता प्रमाणपत्र संशोधन गर्नेमा मात्र सीमित रहेको पाइन्छ । हालसम्म बनेका केही सीमित कानूनी प्रावधानहरू पनि नागरिकता प्रमाणपत्रमा मात्र केन्द्रित रहेको पाइन्छ ।

यस मस्यौदा विधेयकले लैङ्गिक पहिचान कायम गर्न पाउने विषयमा :-

- व्यापक विस्तृत रूपमा सम्बोधन गरिएको छ;

- नागरिकता प्रमाणपत्र, शैक्षिक प्रमाणपत्रहरू, जन्म दर्ता, राहदानी लगायत व्यक्तिको जीवनमा महत्व राख्ने प्रत्येक वैयक्तिक कागजप्रमाणहरूलाई समेटिएको छ;
- एकिकृत प्रक्रियाको परिकल्पना गरिएको छ;
- सम्बन्धित अरु मौलिक हक (जस्तैः स्वास्थ्यको हक, गोपनीयताको हक, समानताको हक, सम्मानपूर्वक बाँच्न पाउने हक) लगायतका हकहरूलाई समेत सम्बोधन गरिएको छ;
- लैङ्गिक पहिचानका आधारमा सिमान्तकृत व्यक्तिहरूलाई सकारात्मक विभेद र विशेष संरक्षणको परिकल्पनाका साथै छुट्टै परियचपत्रको व्यवस्था गरिएको छ;
- अधिकार संरक्षणको लागि तीनै तहमा निर्देशन समिति र अधिकार प्रचलनका लागि जिल्ला अदालतमा निवेदन दिन सक्ने व्यवस्था गरिएको छ;
- अपराधजन्य कार्यलाई कसूरको रूपमा परिभाषित गरिएको छ ।

## विधेयक निर्माणको पद्दति

यस मस्यौदा विधेयकलाई अन्तिम स्वरूप दिन हामीहरूले नेपालका विभिन्न प्रदेश जिल्लाहरूमा लैङ्गिक पहिचानको आधारमा सिमान्तकृत जनसमुदायको हकहितका निम्ति कार्यरत सबै संघसंस्थाहरूलाई छलफलमा आमन्त्रित गर्यौं ।

यस परियोजनामा संलग्न संघसंस्था, समूह तथा व्यक्तिहरूको सूची यसै पुस्तकको *कृतज्ञता ज्ञापान* खण्डमा उल्लेख छ । यस परियोजना मार्फत् परिकल्पना गरिएको ऐनको मस्यौदा विधेयक निर्माणमा यस मिति सम्म नेपालमा दर्ता गरिएका लैङ्गिक पहिचानका आधारमा सिमान्तकृत जनसंख्याको हकहितका निम्ति कार्यरत झण्डै सबै संघसंस्थाहरूको सहभागिता रहेको छ र सबैको संयुक्त पहलमा भएको हो । यस पुस्तकको *भूमिका* खण्डबाट पनि यस परियोजनाको पद्धतिलाई थप बुझ्न सकिन्छ ।

हामीले विभिन्न देशहरूको अभ्यास र अन्तर्राष्ट्रिय मूल्य मान्यता बुझ्न संयुक्त राष्ट्र संघका प्रतिवेदन तथा अरु देशका ऐन कानून तथा प्रतिवेदनहरू अध्ययन गर्यौं । हामीले नेपालमा आधारित लेख्य सामाग्रीहरू पनि अध्ययन गर्यौं । सर्वोच्च अदलातद्वारा गरिएका आदेश फैसला एवं नजीर सिद्धान्तका साथै हाल विचाराधीन रिट निवेदनहरू समेतको अध्ययन गर्यौं । हामीले अध्ययन गरेका स्रोत सामाग्रीहरूको सूची पुस्तकको अन्तिम अध्यायमा संलग्न गरेका छौं ।

लैङ्गिक पहिचानका आधारमा सिमान्तकृत जनसंख्याको Ground Reality मा आधारित सम्बन्धित जनसमुदायकै संयुक्त पहलमा यो मस्यौदा विधेयक निर्माण भएको हो ।

# मस्यौदा विधेयकको दफावार व्याख्या

## परिभाषा

परिभाषा खण्डमा उल्लेखित परिभाषाहरू अन्तर्राष्ट्रिय प्रचलन एवं नेपालमा नागरिक समाजद्वारा अवलम्बन गरिएको अभ्यासका आधारमा उल्लेख गरिएका छन् । क्वयेर युथ ग्रुप तथा क्याम्पेन फर चेन्ज संस्थाहरूले खोज अनुसन्धान गरी नेपाल संवत् ११४१ सिल्ला १७ तदनुसार २०७७ माघ २१ गते ISBN 978-9937-0-8469-7 रहेको ***यौन अभिमुखिकरण, लैङ्गिक पहिचान तथा यौन विशेषता (यौभिकयौता) : आधारभूत अवधारणा*** पुस्तक प्रकाशनमा ल्याइसकेका थिए । सो पुस्तक आफैमा परिभाषा तथा अवधारणागत व्याख्यामा केन्द्रित भएर गरिएको अनुसन्धान मार्फत् प्रकाशित भएको हुनाले, हामीले उक्त किताबबाट परिभाषाहरू साभार गर्यौं । हामीले सोही पुस्तकलाई आधार मानी मस्यौदा विधेयकमा परिभाषा उल्लेख गरेका छौं भने सम्बन्धित सबै संघसंस्थाहरूसँगको छलफलबाट पनि सोही परिभाषा सदर भएको हो । तसर्थ अहिले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रचलनमा रहेका शब्दावली तथा परिभाषा नै यस मस्यौदा विधेयकले अवलम्बन गरेको हो ।

नेपालको संविधानमा 'लैङ्गिक तथा यौनिक अल्पसंख्यक' शब्दावली प्रयुक्त छ । यो शब्दावली सम्बन्धित समुदायले रुचाएको छैन । यद्यपि संविधानमै उल्लेख भएको हुनाले कतिपय अवस्थामा प्रयोग गर्नुपर्ने बाध्यता रही आएको छ । संविधान संशोधन मार्फत् ***'लैङ्गिक तथा यौनिक अल्पसंख्यक'*** शब्दावलीलाई ***'सिमान्तकृत यौन अभिमुखिकरण, लैङ्गिक पहिचान तथा यौन विशेषताका व्यक्ति'*** शब्दावलीले प्रतिस्थापन हुनुपर्ने भनी नागरिक समाजले माग गर्दै आएका छन् ।

यो विषय त संविधान संशोधन मार्फत् सम्बोधन हुने विषय हो । त्यतिन्जेल सम्म *'लैङ्गिक तथा यौनिक अल्पसंख्यक'* शब्दावलीको परिभाषा *'सिमान्तकृत यौन अभिमुखिकरण, लैङ्गिक पहिचान तथा यौन विशेषताका व्यक्ति'* कायम गरी लैङ्गिक तथा यौनिक अल्पसंख्यक' अन्तर्गत *(क) सिमान्तकृत यौन अभिमुखिकरणका व्यक्ति, (ख) सिमान्तकृत लैङ्गिक पहिचानका व्यक्ति* र *(ग) सिमान्तकृत यौन विशेषताका व्यक्ति* भनि उप-समूहहरू कायम हुने गरी कानूनी व्यवस्था गर्न सकिन्छ भन्ने नागरिक समाजले अघि सारेका छन् ।

## दफा ३ : लैङ्गिक पहिचानको हक

यस दफाले प्रत्येक व्यक्तिको स्वःअनुभूती अनुसारको लैङ्गिक पहिचान हासिल गर्न पाउने अधिकारलाई सुनिश्चित गर्दै लैङ्गिक पहिचान सहितको स्वतन्त्र व्यक्तित्व विकास र लैङ्गिक पहिचान सहितको परिचय स्थापित गर्ने अधिकारका साथै शारीरिक निष्ठा तथा स्वायत्तता (Bodily integrity and autonomy) को अधिकारको व्यवस्था गरेको छ । व्यक्तिको लैङ्गिक पहिचान नीजको स्वःअनुभूतीबाट निर्धारित हो भन्ने विश्व स्वास्थ्य संगठन लगायत संयुक्त राष्ट्र संगठनद्वारा ठहर भएको तथ्य एवं नेपालको सर्वोच्च अदालतद्वारा प्रतिपादित नजीरहरूले

पनि पहिचान गरेको छ । स्वःअनुभूतीको लैङ्गिक पहिचान सम्बन्धी निम्न दफा ६ को व्याख्याबाट थप स्पष्ट हुन सकिन्छ ।

## दफा ४ : सिमान्तकृत समूहलाई विशेष व्यवस्था गर्न सक्ने

नेपालको संविधान धारा १८ को उपधारा ३ को अपवादात्मक व्यवस्थाले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने उल्लेख गरेको छ भने धारा ४२ ले सामाजिक न्यायको हक सुनिश्चित गरेको छ । सबै व्यक्तिहरूको लैङ्गिक पहिचान हुन्छ । यद्यपि त्याचलैङ्गिक व्यक्तिहरू बाहेक गैर–द्वयसांखिक व्यक्ति, तेस्रोलैङ्गिक व्यक्ति, पारलैङ्गिक महिला र पारलैङ्गिक पुरुष लैङ्गिक पहिचान भएका व्यक्तिहरू साथै अन्तरलिङ्गी यौन विशेषता भएका व्यक्तिहरू आर्थिक, शैक्षिक, सामाजिक र सांस्कृतिक दृष्टिले सदियौँ देखि पछाडी पारिएका छन् । यी सिमान्तकृत वर्गहरूले विभिन्न क्षेत्रमा भोग्ने विभेद, हिंसा, लाञ्छना र वञ्चितिकरणको प्रशस्तै अभिलेखहरू गैर-सरकारी संस्थाहरूबाट उपलब्ध गर्न सकिन्छ । तसर्थ यस वर्गको उत्थान, संरक्षण, सशक्तिकरण र बिकासका लागि विशेष व्यवस्था पनि अवलम्बन गर्न महत्वपूर्ण भएकोले यस प्रावधान मार्फत् उल्लिखित समूहलाई सिमान्तकृत वर्गको परिभाषामा समेटिएको छ ।

## दफा ५ : लैङ्गिक पहिचानको आधारमा भेदभाव, घृणा, हेला, उपहास वा तिरस्कार गर्न नपाउने

यस दफाले कसैलाई लैङ्गिक पहिचानको आधारमा भेदभाव गर्न वा गराउन र लैङ्गिक पहिचानका आधारमा व्यक्तिलाई घृणा, हेला, उपहास वा तिरस्कार गर्न वा नीजको आत्मसम्मानमा चोट पुर्‍याउने कुनै पनि कार्य गर्न वर्जित गरेको छ भने त्यस्ता कार्यलाई कसूरको रूपमा समेत परिभाषित गरेको छ । नेपालको संविधानको धारा १८ ले भेदभाव विरुद्धको हक सुनिश्चित गरेको छ भने धारा १६ ले सुनिश्चित गरेको सम्मानपूर्वक बाँच्न पाउने हकलाई सुनिश्चित गरेको छ ।

समाजमा लैङ्गिक पहिचानको आधारमा भेदभाव, घृणा, हेला, उपहास वा तिरस्कारको रोकथाम तथा न्यूनिकरण गर्न त्यस्तो घटना भएमा कानूनी उपचारको प्रावधान मात्र पर्याप्त छैन । लैङ्गिक पहिचान र सिमान्तकृत समूहहरूको बारेमा व्यापक जनचेतना निर्माण भएमा मात्र समाज विभेद रहित तर्फ उन्मुख हुन सक्छ । समाजमा व्यापक अरु प्रकारका विभेदहरू उन्मुलनका लागि पनि शिक्षा महत्वपूर्ण माध्यम बनेको छ । लैङ्गिक पहिचानको विषयमा पनि शिक्षित एवं सचेत बनाउन शैक्षिक पाठ्यक्रम लगायतका जनचेतना कार्यक्रमहरूमा समावेश गर्नुपर्ने राज्यलाई दायित्व वहन गरिएको छ । शिक्षाको मार्फत् विद्यालय स्तरमै यस विषयमा पठनपाठन भएमा भावी पुस्तामा यस्ता विभेद उन्मुलन गर्न योगदान पुग्छ । त्यसै गरी सरकारले देशव्यापी यस बारे सचेतना कार्यक्रमहरू संचालन गरेमा क्रमशः जनचेतना अविबृद्धि हुँदै समानतामूलक समाज स्थापनामा टेवा पुग्छ ।

## दफा ६ : लैङ्गिक विधाहरू

यस दफाले व्यक्तिगत कागजप्रमाणहरूमा हुने लैङ्गिक विवरणको विधाहरूलाई सूचिकृत गरेको छ । महिला र पुरुष लैङ्गिक विधाहरूका अतिरिक्त 'तेस्रोलैङ्गिक' र 'गैर-द्वयसांखिक' विधाहरू थप गरिएको छ । महिला शब्दले त्याचलैङ्गिक महिला तथा पारलैङ्गिक महिला र पुरुष शब्दले त्याचलैङ्गिक पुरुष तथा पारलैङ्गिक पुरुष समेतलाई समेट्दछ । महिला र पुरुष बाहेकका लैङ्गिक पहिचानहरूलाई सम्बोधन गर्न 'तेस्रोलैङ्गिक' र 'गैर-द्वयसांखिक' दुईवटा विधाहरू उपलब्ध गराउन आवश्यक छ । विश्वमा जति पनि देशहरूले महिला र पुरुष बाहेकको लैङ्गिक पहिचानलाई मान्यता दिएको छ, ती सबै देशहरूमा 'गैर-द्वयसांखिक' अर्थात् Non-Binary शब्दावली प्रयुक्त र समावेश गरिएको छ । नेपालमा पनि गैर-द्वयसांखिक लैङ्गिक पहिचान भएका व्यक्तिहरूले यही शब्दावलीले चिनाउन रुचाएका छन् । 'गैर-द्वयसांखिक' शब्दावलीले द्रवलैङ्गिक (Gender fluid), लैङ्गिक क्वयेर (Genderqueer), लैङ्गिक गैर-अनुरूपी (Gender non-conforming), अर्धलैङ्गिक (Demigender), अलैङ्गिक (Agender), दुईलैङ्गिक (Bigender) लगायत महिला र पुरुष अतिरिक्तका विविध लैङ्गिक पहिचानहरूलाई समेट्दछ । त्यसै गरी नेपाल लगायत दक्षिण एसियाली परिवेशमा 'तेस्रोलैङ्गिक' विधा पनि उपलब्ध गराउन आवश्यक रहन्छ । तेस्रोलैङ्गिक पहिचान भने धर्म-संस्कृतिमा आधारित रहेको छ । शब्दार्थ केलाउँदा उस्तै अर्थको लागेतापनि सामाजिक-सांस्कृतिक धरातलमा गैर-द्वयसांखिक र तेस्रोलैङ्गिक पहिचानहरू फरक छन् । गैर-द्वयसांखिक शब्दावली तथा पहिचान अन्तर्राष्ट्रिय प्रचलनमा रहेको पाइन्छ भने कुनै निश्चित धर्म-संस्कृतिमा आधारित पहिचान होइन । तेस्रोलैङ्गिक शब्दावली तथा पहिचान दक्षिण एसियामा मात्र प्रचलित देखिन्छ र हिन्दु धर्ममा आधारित तृतीय प्रकृति लगायतका धार्मिक अवधारणासँग सम्बन्धित रहेको पाइन्छ । यस अन्तर्गत हिजडा, कोथी, मेटी, सिँगारू, ख्वाजासिरा, मौगियाह, लगायत आफ्नो छुट्टै समाज, समुदाय, सामुदायिक बसोबास, जीवनशैली, संस्कृति, रीतिरिवाज, मूल्य मान्यता, सामाजिक व्यवस्था तथा प्रणाली र छुट्टै भाषिका समेत भएका परम्परागत समुदायहरूलाई समेट्दछ । त्यसै गरी अन्तरलिङ्गी व्यक्ति हुनु यौन विशेषताको प्रकार हो र अन्तरलिङ्गी व्यक्तिहरूमा पनि त्याचलैङ्गिक र पारलैङ्गिक हुने एवं अन्तरलिङ्गी व्यक्तिहरूको लैङ्गिक पहिचान पनि महिला, पुरुष, गैर-द्वयसांखिक वा तेस्रोलैङ्गिक हुने गर्दछ ।

हाल प्रचलनमा ल्याइएको 'अन्य' शब्दावली सर्वविरोधित शब्दावली हो । कुनै पनि लैङ्गिक पहिचानलाई अन्यकरण गर्नु विभेदकारी प्रावधान हो । नेपाल संवत् ११४० बछला ३१ तदनुसार २०७७ जेठ ४ गते जारी भएको *नेपालमा लैङ्गिक पहिचानको कानूनी मान्यता सम्बन्धी राष्ट्रिय मागपत्र* ले पनि 'अन्यलिङ्गी' शब्द हटाइनुपर्ने माग राखेको छ भने नेपाल संवत् ११४० चौला १४ तदनुसार २०७६ चैत १८ गते जारी भएको *राष्ट्रिय पारलैङ्गिक मागपत्र*, नेपाल संवत् ११४० गुंला २४ तदनुसार २०७७ साउन २७ गते जारी भएको *नागरिकता विधेयकमा लैङ्गिक पहिचान सम्बन्धीको मागपत्र* र नेपाल संवत् ११४१ कछला ७ तदनुसार २०७७ कार्तिक १० गते जारी भएको *राष्ट्रिय अन्तरलिङ्गी मागपत्र* ले पनि सोही मागदाबि राखेको छ । राष्ट्रिय मानव अधिकार आयोगमा नेपाल संवत् ११४१ थिंला ४ तदनुसार २०७७ मंसिर ७ गते दर्ता नं ६५४ मा 'अन्यलिङ्गी' शब्दावली विरुद्ध निवेदन पत्र

दर्ता भएको छ भने सर्वोच्च अदालतमा विचाराधीन रहेको रीट नं ००७-WO-०६९५, रीट नं ००७-WO-०९७३ र रीट नं ००७-WO-१२४३ रहेका रीट निवेदनहरूले पनि 'अन्यलिङ्गी'को विरोध गरी त्यस्ता शब्दावली हटाउन वा प्रतिस्थापन गर्न माग गरेको पाइन्छ । अतः 'अन्यलिङ्गी' शब्दावलीमा सम्बन्धित जनसमुदायको अपनत्व नै छैन र अपनत्व नै नभएको शब्दावलीबाट कसैको पहिचान इङ्गित गर्दा उनीहरूको आत्मसम्मानमा चोट पुग्ने र हीनताबोध गराउने कार्य हुन्छ । नेपालको संविधान धारा १६ ले सम्मानपूर्वक बाँच्न पाउने हकको सुनिश्चित गरेको छ र कसैको पहिचानलाई अपमान हुने र हीनताबोध हुने शब्दको प्रयोगले उक्त संवैधानिक हकको हनन गर्दछ । त्यसै गरी कसैलाई 'अन्य' भन्दा कोही मुख्य वा केन्द्र र त्यस बाहेकका अन्य भन्ने बुझिने हुँदा समानताको हक पनि हनन हुन जान्छ । नेपाल कानून आयोगको वेबसाइटमा प्रकाशित कानून-तर्जुमा-दिग्दर्शनको परिच्छेद- २ कानूनी वाक्य संरचना अन्तर्गत २.१.२३ मा "*अमर्यादित र हीनताबोधक शब्दको प्रयोग नगर्ने कुनै पनि धर्म, वर्ण, लिङ्ग, जातजाति, क्षेत्र, उमेर समूह आदिलाई होच्याउने, अपमान गर्ने शब्दको प्रयोग गर्नु हुँदैन । यस्तै अमर्यादित, अश्लिल, हेपाहा अपमानजनक र गालीबोधक शब्दको प्रयोग गर्नु हुँदैन । सामाजिक कुरीति, कुसंस्कार जनाउने, रूढिवादिता जस्ता कुरालाई प्रोत्साहित गर्ने, सामाजिक विखण्डन, फुट पैदा गर्ने, द्वेष, घृणा उत्पन्न हुने, आक्रमक भाषा शैलीको प्रयोग गर्नु हुँदैन ।*" भन्ने उल्लेख गरेको छ ।

त्यसै गरी लैङ्गिक पहिचान कायम गर्नका लागि व्यक्तिगत कागजप्रमाणहरू लैङ्गिक पहिचान अनुसार प्राप्त गर्ने र जन्मँदा इङ्गित गरिएको लैङ्गिकताका आधारमा प्राप्त भएका व्यक्तिगत कागजप्रमाणहरू संशोधन गरी लैङ्गिक पहिचान अनुसार पुनःप्राप्ती गर्ने कानूनी प्रावधान आवश्यक रहेको छ । कानूनी प्रावधानको आवश्यकता बारे यस अघिको अध्यायमा व्याख्या गरिसकेका छौँ । नेपालको संविधान धारा १२ ले वंशीय आधार तथा लैङ्गिक पहिचान सहितको नागरिकताको हक सुनिश्चित गरेको छ । सर्वोच्च अदालतद्वारा प्रतिपादित नजीर सिद्धान्त निल हिरा समाज समेत वि. नेपाल सरकार समेत (निर्णय नं. ७९५८, फैसला मिति : २०६४/०९/०६, भाग: ५०, साल: २०६५, महिना: श्रावण , अंक: ४) र आनिक राना वि. नेपाल सरकार समेत (निर्णय नं. ९८७५, फैसला मिति : २०७३/१०/१०, भाग: ५९, साल: २०७४, महिना: पौस, अंक: ९) मा पनि लैङ्गिक पहिचान कायम गर्न प्राप्त गरिसकेको नागरिकता तथा शैक्षिक प्रमाणपत्रहरू संशोधन गर्न सकिने फैसला गरिएको छ । अदालतको नजीर (निनं. ९८७५) मा आफ्नो वास्तविक पहिचानभन्दा फरक परिचय पत्रका साथ रहन पर्दा आत्मसम्मानमा चोट पुग्नुका साथै सामुदायिक अपनत्वलाई समेत कमजोर तुल्याउने भनि अङ्गिकार गरिएको छ ।

कुनै व्यक्तिको परिचयपत्र तथा प्रमाणपत्र लगायतका वैयक्तिक कागजप्रमाणहरू नीज व्यक्तिको दैनिक जीवन व्यवहारमा आवश्यक - अत्यावश्यक दस्तावेज हो । यो व्यक्तिको शिक्षा, रोजगार, स्वास्थ्य लगायत कुनै होटेलमा गएर बस्ने, बस वा प्लेनको टिकट काट्ने, बैंक खाता खोल्ने लगायत दैनिक जीवन व्यवहारसँग सम्बन्धित आधारभूत विषय हो । तसर्थ यस्ता दस्तावेजहरूले आफ्नो लैङ्गिक पहिचानको प्रतिनिधित्व वा प्रतिबिम्ब नगर्दा नीज व्यक्तिको दैनिक जीवनमा प्रतिकूल असर पुगेको छ । यस परियोजनाको छलफलहरूमा सहभागी सबैको यही समस्या रहेको पाइएको छ । यी मध्ये केही अनुभवहरू उल्लेख गर्नु सान्दर्भिक हुन्छ ।

- *“मेरो नागरिकतामा पुरुष उल्लेख छ । महिला लेखेर नागरिकता पनि बनाउन नमिल्ने । नाम पनि फेर्न मिलेको छैन । आफू as a महिला खुलेको झण्डै १० वर्ष बितिसक्दा पनि पहिचान अनुसार नागरिकता र सबै सर्टिफिकेटहरू बनाउन नपाउँदा जता गए पनि समस्या नै समस्या छ । मेरो सर्टिफिकेट नै मेरो होइन भनेर मान्दै मान्दैनन् । यही कारण मैले जागिर पनि पाएको छैन ।“*

  - झापाका एक पारलैङ्गिक महिला, वर्ष २२
- *"नागरिकतामा अझै महिला उल्लेख छ । पहिलेको नाम नै छ त्यसमा । सर्टिफिकेट पनि त्यस्तै । कलेजमा प्रिन्सिपललाई भनेर ब्याचलर त पढैं तर एड्मिट कार्डमा त्यही नाम र महिला भन्ने देखिन्छ । मैले आफ्नो पहिचान अनुसार पुरुष भनेर खुलेको धेरै भइसक्यो, पुरुषकै गेटअपमा हुन्छु । जाँच दिन जाँदा म माथी नक्काली विद्यार्थी भन्ने शंका गरियो ।“*

  - रूपन्देहीका एक पारलैङ्गिक पुरुष, वर्ष ३२
- *"मलाई जन्मँदा महिला भनेर हुर्काइएको थियो तर मेरो किशोरावस्तामा शारीरिक विकास पुरुषको जस्तो भयो । मैले ५० सालमा टिचिङ सर्टिफिकेटको लागि परीक्षा दिन जाँदा मलाई नक्काली विद्यार्थी भनेर एक्जाम हलबाट नै निकालिदियो । क्यामेरा समेत बोकेर आएका थिए । मेरो साथीहरूले म यस्तो खालको हुँ भनेर भन्दा पनि मानेन । केही वर्ष सम्म एड्मिट कार्ड राख्या थिएँ । त्यो देख्दा जहिल्यै बेइज्जती र नराम्रो फील हुन्छ । त्यही भएर जलाइदिएँ ।"*

  - कैलालीका एक अन्तरलिङ्गी यौन विशेषताका पारलैङ्गिक पुरुष, वर्ष ३०
- *"एकचोटी हस्पिटलमा देखाउन गा'को थिएँ । इन्सुरेन्स गरेको भएर नागरिकताको नाम लेखाउन पर्यो । त्यहाँ केटाको नाम लेखेको छ । पालो कुर्दै बसें सिस्टरले ठूलो स्वरले मेरो केटाको नाम बोलायो । के गरूँ गरूँ भई जुरुक्क उठेको त सबैले ट्वाँ पर्दै हेर्न थाले । जँचाएर बाहिर निस्किँदा पालो कुरिरहेको सबैले मलाई जिल्ल पर्दै हेर्न थाले । कस्तो बिल्ला फील भयो ।“*

  *- ललितपुरका एक पारलैङ्गिक महिला, वर्ष १९*

परिचयपत्रका कारण दिनहुँ समस्या भोग्नुपर्ने सहभागी सबैको र तिनले चिनेका साथीहरू सबैको ठूलो समस्या रहि आएको छ । २०७५ साल देखि त्रिभुवन विश्वविद्यालयमा रजिष्ट्रेशन नम्बर पाउन एक पारलैङ्गिक महिला विद्यार्थी संघर्षतः छन् । यसको कारण पनि उनी एसएलसी उत्तीर्ण भएपछी मात्र खुलेर आउन सकेका थिए, त्यसैले एसएलसी सम्मका प्रमाणपत्रहरूमा पुरुष उल्लेख छ भने +२ को प्रमाणपत्रहरूमा महिला उल्लेख छ । उनको एसएलसी प्रमाणपत्र उनको लैङ्गिक पहिचान अनुसार संशोधन हुन सकेको छैन भने संशोधन बिना स्नातक तहमा विश्वविद्यालयले रजिष्ट्रेशन गर्न मानेनन् । प्रशासनिक प्रक्रियाबाट समाधान नभएपछी सर्वोच्च अदालतमा रीट निवेदन परेको छ *(रीट नं ००७-WO-०९७३)* । त्यसै गरी बागलुङवासी एक पारलैङ्गिक पुरुषको पनि यस्तै समस्या छ । उनी स्नातक तह सकाएपछी मात्र खुल्न सकेका हुन् । खुलिसकेपछी हर्मोन प्रयोग गरी उनको शारीरिक बनोट र देखावट पुरुष अनुसारकै छ । तर सबै प्रमाणपत्रहरू महिला अनुसारकै भएको हुनाले ती प्रमाणपत्रहरू उनको हो भन्ने कसैले नपत्याउँदा स्नातकोत्तर पढ्नबाट उनी वञ्चित भएका छन् । यी त कैयौं मध्येका

केही अनुभव मात्र हुन् । आफ्नो लैङ्गिक पहिचान अनुसार परिचयपत्र तथा प्रमाणपत्र कायम हुन नसक्दा दिनहुँ जीवनमा यस्तै वञ्चितिकरण र बाधा चुनौती भोग्न यी व्यक्तिहरू बाध्य छन् ।

सूचनाको हक प्रयोग गरी गृह मन्त्रालयलाई सोधनी गर्दा हाल ऐन कानूनमा कुनै व्यवस्था नभएकाले मन्त्रीपरिषद्को नीतिगत निर्णयका आधारमा कुनै व्यक्तिले लिङ्ग परिवर्तन शल्यक्रिया गरेमा सो गरेको प्रमाण, मेडिकल बोर्डको सिफारिस समेतको आधारमा नागरिकता प्रमाणपत्रमा नाम तथा लिङ्ग संशोधन गरिने भन्ने जानकारी प्राप्त गर्यौं । *(गृह मन्त्रालय मिति २०७८/०१/१४ च.नं. ३१११ र मिति २०७८/०२/०२ मा च.नं. ३२४६ का पत्रहरू)*

लैङ्गिक पहिचान व्यक्तिको स्वःअनुभूतीको विषय भएकाले यसलाई कुनै चिकित्सकीय विधिद्वारा निर्धारण गर्न सकिँदैन । विश्व स्वास्थ्य संगठनको पनि यही ठहर छ । संयुक्त राष्ट्र संघले पनि यही मान्यताको अवलम्बन गरेका छन् भने देहायका प्रतिवेदनहरूमा पनि लैङ्गिक पहिचान कायम गर्न self-declaration लाई आधार मान्नुपर्ने उल्लेख गरेका छन् :-

- Report of the Independent Expert on protection against violence and discrimination based on sexual orientation and gender identity (A/HRC/47/27)
    - *V. Recommendations, 91.*
- Report of the Special Rapporteur on the right to privacy (A/HRC/43/52)
    - *IV. Recommendations for protecting against gender based privacy infringements, 6. Gender identity and legal recognition, 36 (b), (c), (d), (e), (f), (g), (h).*
- Protection against violence and discrimination based on sexual orientation and gender identity (A/73/152)
    - *V. Recommendations, 81 (b), (d), (e).*

सर्वोच्च अदालतका देहायको फैसलाहरूले पनि लैङ्गिक पहिचानलाई व्यक्तिको आत्मनिर्णयको अधिकार भनि नजीर सिद्धान्त प्रतिपादन गरेका छन् ।

- निल हिरा समाज समेत वि. नेपाल सरकार समेत निर्णय नं. ७९५८, फैसला मिति : २०६४/०९/०६, भाग: ५०, साल: २०६५, महिना: श्रावण , अंक: ४ ।
- आनिक राना वि. नेपाल सरकार समेत निर्णय नं. ९८७५, फैसला मिति : २०७३/१०/१०, भाग: ५९, साल: २०७४, महिना: पौस, अंक: ९ ।
- सुमन पन्त वि. अध्यागमन विभाग समेत निर्णय नं. ९९२१, फैसला मिति : २०७४/०७/०६, भाग: ५९, साल: २०७४, महिना: चैत्र, अंक: १२ ।

कुनै व्यक्तिले यौनाङ्ग पुनःनिर्माण शल्यक्रिया गर्नु नीजको नितान्त वैयक्तिक निर्णय हो । यो शल्यक्रिया गर्दैमा लैङ्गिक पहिचान कायम हुने र नगर्दैमा नहुने प्रावधान विभेदकारी हो । संयुक्त राष्ट्र संघका ७ वटा संस्थानहरूले जारी गरेको Eliminating forced, coercive, and otherwise involuntary sterilization - An

interagency statement (पाना ७ र ८) मा पारलैङ्गिक व्यक्तिहरूलाई आफ्नो लैङ्गिक पहिचान हासिल गर्नकै लागि कुनै चिकित्सकीय हस्तक्षेप गर्न बाध्य पार्ने कार्यलाई जबरजस्ती एवं अनिच्छापूर्वक गरिएको चिकित्सा हस्तक्षेप (Coercive involuntary medical interventions) भएको ठहर गर्दै मानव अधिकार हननजन्य कार्यको रूपमा परिभाषित गरिएको छ । संयुक्त राष्ट्र संघ Economic and Social Council को E/C.12/2000/4 दस्तावेज General Comment No. 14 (2000) - The right to the highest attainable standard of health (article 12 of the International Covenant on Economic, Social and Cultural Rights) को बुँदा ८ मा आफ्नो लैङ्गिक पहिचान सहितको परिचय पाउनका लागि शल्यक्रिया वा कुनै चिकित्सकीय हस्तक्षेप बाध्य बनाउने कार्यलाई स्वास्थ्यको हक विरुद्धको कार्य भनि व्याख्या गरिएको छ । सोही निकायको E/C.12/GC/22 दस्तावेज General comment No. 22 (2016) on the right to sexual and reproductive health (article 12 of the International Covenant on Economic, Social and Cultural Rights) को बुँदा ५८ मा यसरी शल्यक्रिया गर्न बाध्य तुल्याउनुलाई हननजन्य कार्यका रूपमा लिइएको छ । संयुक्त राष्ट्र संघ Human Rights Council को A/HRC/31/57 दस्तावेज Report of the Special Rapporteur on torture and other cruel, inhuman or degrading treatment or punishment को बुँदा ४९ मा आफ्नो लैङ्गिक पहिचान सहितको परिचय पाउनका लागि शल्यक्रिया वा कुनै चिकित्सकीय हस्तक्षेप बाध्य बनाउने कार्यलाई यातना भनि व्याख्या गरिएको छ । लैङ्गिक पहिचान सम्बन्धी कानूनी व्यवस्था भएका अन्य देशहरूको कानूनमा पनि आत्मनिर्णयको अधिकारलाई सुनिश्चित गरिएको पाइन्छ ।

नेपालको संविधानको धारा १७ ले स्वतन्त्रताको हक सुनिश्चित गरेको छ । कुनै व्यक्तिले स्वःअनुभूतीको लैङ्गिक पहिचान अनुरूप जीवनयापन गर्न पाउनु वैयक्तिक स्वतन्त्रता अन्तर्गतको विषय हो त्यसैले आफ्नो स्वःअनुभूतीको लैङ्गिक पहिचान सहितको पहिचान स्थापित गर्नबाट वञ्चित गर्न मिल्दैन । त्यसै गरी आफ्नो शरीरसम्बन्धी निर्णय गर्न पाउनु पनि वैयक्तिक स्वतन्त्रता अन्तर्गत पर्दछ । कुनै व्यक्तिले लिङ्ग परिवर्तन शल्यक्रिया गर्ने कि नगर्ने नीज व्यक्तिको नितान्त वैयक्तिक निर्णयको भएकोले शारीरिक स्वायत्तता (Bodily autonomy) मा हस्तक्षेप गर्न मिल्दैन । नेपालको संविधानको धारा १८ ले समानताको हक सुनिश्चित गरेको छ र उपधारा (२) मा कसैलाई सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन भनिएको छ र साथै उपधारा (३) मा राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भन्ने उल्लेख गरिएको छ । यौनाङ्ग पुनःनिर्माण शल्यक्रिया गरेको आधारमा मात्र लैङ्गिक पहिचानसहितको नागरिकता प्रमाणपत्र पाउने व्यवस्था गर्दा विभेदजन्य हुन्छ र व्यावहारिक रूपमा नेपालमा यस्ता सेवा उपलब्ध पनि नभएको कारण लाखौं करोडौ खर्चन बाध्य बनाउँदा आर्थिक स्थितिका आधारमा विभेद गर्नु हो । यस्ता बाध्यकारी व्यवस्थालाई Coercive involuntary medical interventions भनिन्छ र यसलाई संयुक्त राष्ट्र संघले यातना भनि

परिभाषित गरेको छ र जसअनुसार नेपालको संविधानको धारा २२ मा उल्लिखित यातना विरुद्धको हक पनि हनन हुन्छ । नेपालको संविधान को धारा ३५ ले स्वास्थ्य सम्बन्धी हक सुनिश्चित गरेको छ । आफ्नो पहिचान विपरीतको परिचयपत्र बोक्न बाध्य भई सम्मानपूर्वक बाँच्न पाउने हक हनन हुँदा यसले व्यक्तिको मनोसामाजिक एवं मनोभावनात्मक स्वास्थ्यमा गम्भीर प्रतिकूल असर पुऱ्याउँदछ भने शल्यक्रिया लगायतका चिकित्सकीय विधि अवलम्बन गर्ने कि नगर्ने भनेको व्यक्तिको स्वास्थ्यसँग सम्बन्धित महत्वपूर्ण निर्णय हो र व्यक्ति स्वयंले यसको निर्णय गर्न पाउनु स्वास्थ्यको हक अन्तर्गत सुरक्षित संवैधानिक अधिकार समेत हो ।

## दफा ७ : नाम

कुनै पनि व्यक्तिको नाम उसको परिचयको अविच्छिन्न मूलभूत अङ्ग हो । नेपालका अधिकांश सामाजिक परिवेशहरूमा व्यक्तिको नामले नीजको लैङ्गिकताको प्रतिबिम्ब गर्दछ । शिशु अवस्थामा अभिभावक वा संरक्षकले राखिदिएको नामले नीज व्यक्तिको जन्मँदा इङ्गित गरिएको लैङ्गिकतालाई प्रतिबिम्ब गरेको हुन्छ । लैङ्गिक पहिचानका आधारमा सिमान्तकृत व्यक्तिहरूले आफ्नो लैङ्गिक पहिचान अनुसार खुलेर जीवनयापन गर्न जन्मँदा इङ्गित गरिएको लैङ्गिकतालाई प्रतिबिम्ब गर्ने नाम त्याग गरी आफ्नो लैङ्गिक पहिचानको सही प्रतिनिधित्व गर्ने नाम छनोट गरी चिन्ने चिनाउने गर्दछन् । तसर्थ व्यक्तिको लैङ्गिक पहिचान कायम गर्नका लागि कानूनी नाम परिवर्तन गर्न पाउनु लैङ्गिक पहिचानसम्बन्धी हकको अपरिहार्य अभेद्य अविछिन्न अङ्ग हो । तसर्थ यस मस्यौदा विधेयकमा आफ्नो लैङ्गिक पहिचान प्रतिबिम्बित हुने नाम चयन गर्न पाउने प्रावधान सुनिश्चित गरिएको छ ।

मृतनाम भन्नाले बितिसकेको समय, पहिचान विपरीतको परिचय हो । अधिकांश लैङ्गिक पहिचानका आधारमा सिमान्तकृत व्यक्तिहरूका लागि मृतनामबाट सम्बोधित हुनु अपमानको विषय हुन्छ । कतिपय व्यक्तिहरूलाई आफ्नो स्वःअनुभूती अनुसारको लैङ्गिक पहिचानमा जीवनयापन गर्नु अघिको जीवनकालमा त्रासमय, यातनापूर्ण र अपमानजनक अनुभवहरू हुन सक्छन् । ती व्यक्तिहरूलाई मृतनामको प्रयोग र सम्बोधनले पुनःआघात (re-traumatize) गर्न सक्छ । कुनै पनि व्यक्तिलाई उसको मृतनामले सम्बोधन गर्नु उसको अस्तित्वलाई नै नकारी आफूले स्थापित गर्न चाहेको परिचय एवं पहिचानबाट निषेध गर्नु हो । त्यसैगरि कुनै पनि व्यक्तिको इच्छा विरुद्ध वा सहमति बेगर मृतनाम सार्वजनिक गर्नु गराउनु निजको गोपनीयताको अधिकारको उल्लंघन हो र साथसाथै त्यस्तो कार्यले व्यक्तिको सामाजिक स्वीकार्यता एवं सामाजिक-मनोवैज्ञानिक स्वास्थ्यमा समेत प्रतिकूल प्रभाव पार्दछ । मृतनामले सम्बोधन गर्नु लैङ्गिक हिंसाको एक स्वरूप हो ।

## दफा ८ : लैङ्गिक दुस्बोधन

कुनै पनि व्यक्ति, विशेष गरि लैङ्गिक पहिचानका आधारमा सिमान्तकृत व्यक्तिहरूलाई, उनीहरूको लैङ्गिक पहिचान वा उनीहरूले आफूलाई सम्बोधन गर्दा प्रयोग गर्न अनुरोध गरेका लैङ्गिकताबोधक शब्द-शब्दावली प्रतिकूल सम्बोधन गर्ने कार्यलाई ***लैङ्गिक दुस्बोधन*** (अङ्ग्रेजीमा : ***Misgendering***) भनिन्छ । लैङ्गिक पहिचानका

आधारमा सिमान्तकृत व्यक्तिहरूको लागि पहिचान विपरीत वा प्रतिकूलको लैङ्गिक शब्दावलीहरूबाट सम्बोधित हुने कुरा अपमानजनक हुन्छ । कतिपय व्यक्तिहरूलाई आफ्नो स्वःअनुभूती अनुसारको लैङ्गिक पहिचानमा जीवनयापन गर्नु अघिको जीवनकालमा त्रासमय, यातनापूर्ण र अपमानजनक अनुभवहरू हुन सक्छन् । यस्ता लैङ्गिक दुस्बोधनका कार्यले ती व्यक्तिलाई आफ्नो विगतका आघात्मक समय सम्झिन बाध्य बनाउन पनि सक्छ । लैङ्गिक दुस्बोधनजन्य कार्य पनि लैङ्गिक हिंसाको स्वरूप हो । यस्ता कार्यले सम्मानपूर्वक बाँच्न पाउने हक, समानताको हक र गोपनीयताको हकलाई हनन गर्दछ ।

कुनै व्यक्तिले आफ्नो नागरिकता प्रमाणपत्र सच्याउन जाँदा नीजलाई मृतनाम र नीजले हटाउन चाहेको लैङ्गिकता अनुसार सम्बोधन गरी अपमानित तुल्याएको घटनाहरू छलफलमा सहभागीहरूले समेत सुनाएका थिए । छलफलका दौरान सहभागीहरूले मृतनामबाट सम्बोधन हुनुपर्ने घटनाहरू सुनाएका थिए । उदाहरणका लागि कुनै पारलैङ्गिक महिलाको मृतनाम 'रामबहादुर' र उसले कायम गर्न चाहेको नाम 'सुशिला' । सरकारी तथा गैर-सरकारी निकायहरूले उक्त निवेदन बारे पत्राचार गर्दा *'.....रामबहादुरको नागरिकतामा रामबहादुरले नाम सच्याएर सुशीला कायम गर्न निवेदन दिएको सन्दर्भमा.....'* भन्ने उल्लेख गर्ने अभ्यास रहेको देखिन्छ । व्यक्तिले कानूनी रूपमा आफ्नो पहिचान प्राप्त गरिनसके तापनि नीजलाई मृतनामले सम्बोधन गर्दा यस्ता गोप्य विवरण झन फैलने र नीज व्यक्तिलाई आघात पुर्याउने कार्य हुन्छ । तसर्थ यस्ता अभ्यासहरूको सट्टा *'......नागरिकता नं ### रहेका व्यक्तिले हाल कायम रहेको नामलाई संशोधन गरी सुशीला नाम कायम गरिपाउँ भन्ने निवेदनको सन्दर्भमा.....'* भनि उल्लेख गर्दा उपयुक्त रहन्छ । प्रशासनिक क्षेत्रमा हुने यस्ता घटनाहरू विरुद्ध कानूनमा नै स्पष्ट रूपमा उल्लेख हुन जरूरी छ । त्यसैले उपदफा (२) मा त्यसको प्रावधान राखिएको छ ।

महिला र पुरुषहरूलाई सम्बोधन गर्ने शब्दावलीहरू प्रशस्तै छन् तर गैर-द्वयसांखिक र तेस्रोलैङ्गिक व्यक्तिहरूलाई सम्बोधन गर्ने छुट्टै लैङ्गिकताबोधक शब्दावलीहरू चलनचल्तीमा आएको छैन वा त्यस्तो नवनिर्माण पनि भएको छैन । त्यसैले उनीहरूलाई लैङ्गिक तटस्थ शब्दहरूले नै सम्बोधन गर्ने अभ्यासको प्रवर्द्धन गर्न आवश्यक छ । अन्तर्राष्ट्रिय अभ्यासहरूमा पनि यस्तै प्रचलन गरिन्छ ।

परम्परागत रूपमा महिलाहरूलाई सम्बोधन गर्ने शब्दावलीहरू पनि अहिले पुरानो, असान्दर्भिक र अपमानजनक मानिन्छ । महिला हुँदैमा नीजलाई "नी" थपेर सम्बोधन गर्ने पितृसत्तात्मक भाषा अब प्रचलनबाट हराउँदैछ । खस-आर्य समुदायमा महिलाहरूलाई छुट्टै प्रकारको क्रियापद विशेषण पनि प्रयोग गर्ने प्रचलन (जस्तै: गर्छे, भन्छे, गर्छिन्, भन्छिन्) । यस्ता प्रयोगहरू अरु समुदायमा प्रचलित नहुन पनि सक्छ वा अरु समुदायमा त्यसरी सम्बोधन गर्नु अपमानजनक मान्न सकिन्छ । पुरुषहरूलाई श्रीमान् (Mr.) मात्र भने पुग्ने, तर महिलाहरूको हकमा विवाहित भए श्रीमती (Mrs.) र अविवाहित भए सुश्री (Miss) भन्ने विभेदकारी प्रचलन पनि रहेको छ जसमा पुरुषहरूको स्वतन्त्र पहिचान रहने तर महिलाहरूको पहिचान उसको कुनै पुरुषसँगको सम्बन्धमा निहित रहने हुन्छ । अहिले वैवाहित स्थिति तटस्थ Mrs. वा Miss को सट्टा Ms. (उच्चारण : मिज्) सम्बोधन पनि प्रचलनमा छ भने खस-नेपाली भाषामा श्रीमान् वा श्रीमतीको सट्टा 'श्री' भन्ने लैङ्गिक तटस्थ सम्बोधन गर्ने अभ्यास रहेको छ ।

संयुक्त राज्य अमेरिकाको न्यू योर्क शहरको स्थानीय कानून  New York City Commission on Human Rights Legal Enforcement Guidance on Discrimination on the Basis of Gender Identity or Expression: Local Law No. 3 (2002); N.Y.C. Admin. Code § 8-102(23) अन्तर्गत 1. Failing To Use the Name or Pronouns with Which a Person Self-Identifies मा लैङ्गिक दुस्बोधनजन्य कार्यलाई निषेध गरिएको र हननको रूपमा परिभाषित गरिएको छ । Nelson v. Goodberry Restaurant Group Ltd. dba Buono Osteria and others, 2021 को फैसलामा British Columbia, क्यानेडाको अदालतले लैङ्गिक दुस्बोधनको कार्यलाई लैङ्गिकताका आधारमा गरिने विभेदको रूपमा व्याख्या गर्दै आदेश जारी गरेका छन् ।

## दफा ९ : गोपनीयता

नेपालको संविधानको धारा २८ ले गोपनीयताको हक सुनिश्चित गरेको छ । कुनै व्यक्तिले आफ्नो स्वःअनुभूती अनुसारको लैङ्गिक पहिचान हासिल गरिसकेपछी वा गर्ने क्रममा  रहँदा  त्यस अघिका तस्बीर, भिडियो लगायतका दृश्यक सामग्रीहरू, व्यक्तिको मृतनाम, जन्मँदा इङ्गित गरिएको लैङ्गिकता सम्बन्धी विवरणहरूमा गोपनीयता कायम गर्न पाउने अधिकार कानूनतः  संरक्षित हुनुपर्छ ।  कुनै व्यक्तिको वैयक्तिक लैङ्गिक इतिहास नीजको नितान्त व्यक्तित्वसँग सम्बन्धित अत्यन्तै निजी जानकारी हो । कसैको वैयक्तिक लैङ्गिक इतिहासको गोपनीयता सुनिश्चित  नहुँदा विगतका विवरणहरू बाहिरिन सक्छ । कसैले आफूलाई समाजमा आफ्नो लैङ्गिक पहिचान अनुसार स्थापित गरिसकेपछी पूर्व विवरणहरू बाहिरिँदा सामाजिक स्वीकार्यतामा समेत प्रतिकूल असर पुऱ्याउँदछ । गोपनीयताको हक सुनिश्चित नहुँदा सम्मानपूर्वक बाँच्न पाउने हक समेत हनन हुन जान्छ ।  तसर्थ यस दफामा गोपनीयता सम्बन्धी विस्तृत प्रावधान उल्लेख गरिएको छ ।

Report of the Special Rapporteur on the right to privacy (A/HRC/43/52) मा संयुक्त राष्ट्र संघले राज्यहरूलाई लैङ्गिकता र लैङ्गिक पहिचानको गोपनीयतामा पनि विस्तृत सुझावहरू दिएका छन् ।

- III. Gender Equality in the Right to Privacy
- IV. Recommendations for protecting against gender based privacy infringements : 27. (a) i. & ii., (c); 28 (b), (c), (d); 34 (a), (b), (e); 35 (c), (d).

## दफा १० : नाम तथा लैङ्गिक विवरण संशोधन गर्ने प्रक्रिया

यस दफाले कुनै व्यक्तिले आफ्नो लैङ्गिक पहिचानसहितको परिचय स्थापित गर्नका लागि लैङ्गिक विवरण वा नाम तथा लैङ्गिक विवरण संशोधन गर्न अवलम्बन गर्नुपर्ने प्रक्रियाको निर्धारण गरेको छ । यस प्रक्रियाको केन्द्रका रूपमा वडा कार्यालयलाई राखिएको छ ।  छलफलका दौरान वडा कार्यालय नै सबै भन्दा बढी  पहुँचयुक्त हुने निष्कर्षमा आएको हुनाले यस प्रकारको प्रावधान गरिएको छ ।  यस दफा र ऐन समेतमा कुनै व्यक्तिले लैङ्गिक पहिचानसहितको परिचय स्थापित गर्नका लागि लैङ्गिक विवरण वा नाम तथा लैङ्गिक विवरण संशोधन गर्दा उसले

आफूसँग भएका सबै व्यक्तिगत कागजप्रमाणहरूमा संशोधन गर्नुपर्ने व्यवस्था उल्लेख गरिएको छ । तसर्थ यस विधेयकमा उल्लेख प्रावधान बमोजिम एकपटकको प्रक्रियामा सबै संशोधन हुने र संशोधन पश्चात् सबै व्यक्तिगत कागजप्रमाणहरूमा एकरूपता कायम हुने पनि व्यवस्था गरेको छ ।

## दफा ११ : संशोधनको अभिलेखीकरण

व्यक्तिगत कागजप्रमाणहरू संशोधनको लागि अभिलेखमा पनि सच्याउन पर्ने हुन्छ । संशोधन पूर्वको विवरणहरू संवेदनशील विवरणहरू हुन् र यसको संवेदनशीलतालाई मध्यनजर गर्दै नगरपालिका वा गाउँपालिकाले मात्र यस्तो विवरण राख्न पाउने प्रावधान गरिएको छ ।

## दफा १२ : अभिलेख व्यवस्थापन

यस ऐन बमोजिम भएका कामकारवाहीहरूको अभिलेख व्यवस्थापन गर्न वाञ्छनीय भएकाले यो दफामा व्यवस्था गरिएको छ । यी विवरणहरूको अभिलेख व्यवस्थापन नगरपालिका वा गाउँपालिकालाई केन्द्रका रूपमा निर्धारण गरिएको छ । यस्ता वैयक्तिक विवरणहरूमा संविधानतः र कानूनतः गोपनीयता कायम गर्नुपर्छ भने तथ्याङ्क राख्नु र प्रकाशन गर्नु पनि महत्वपूर्ण हुन्छ । त्यसैले वैयक्तिक विवरण नखुल्ने गरी तथ्याङ्कगत विवरण बनाई सम्बन्धित नगरपालिका वा गाउँपालिकाले प्रकाशन गर्न सक्ने व्यवस्था राखिएको छ ।

## दफा १३ : आपराधिक विवरण हस्तान्तरण

व्यक्तिगत कागजप्रमाणहरू संशोधन भएसँगै नीज व्यक्तिको नाउँमा रहेको आपराधिक विवरण पनि हस्तान्तरण गरिनुपर्छ । कुनै व्यक्तिको आपधारिक विवरणले उसको चारित्रिक पृष्ठभूमीको वर्णन गर्दछ । तसर्थ लैङ्गिक पहिचान अनुसार नाम तथा लैङ्गिक विवरणहरू कायम गर्ने क्रममा आपधारिक विवरण पनि स्वतः हस्तान्तरण हुने प्रावधान राखिएको छ ।

## दफा १४ : संशोधन पूर्वका कागजातहरूको व्यवस्थापन

यस दफाले संशोधन पूर्वका कागजातहरूको व्यवस्थापनको प्रावधान गरेको छ । कुनै व्यक्तिले आफ्नो लैङ्गिक पहिचान अनुसार विवरण संशोधन गरिसकेपछी संशोधन पूर्वका कागजातहरू खारेज गरिनु आवश्यक छ । दफा १२ बमोजिम सम्बन्धित निकायले यी कागजप्रमाणहरूको सक्कलै प्रति खिची लिने र अभिलेख राख्नेछन् । कुनै व्यक्तिले आफ्नो सम्पूर्ण व्यक्तिगत कागजप्रमाणहरूमा विवरण परिवर्तन गरिसकेपछी र एकरूपता कायम भइसकेपछी सम्बन्धित निकायमा त्यसको अभिलेख छरिएर रहिरहनुपर्ने कुनै आवश्यकता हुँदैन । गोपनीयताको हक अन्तर्गत विस्मृतिको अधिकार (Right to be forgotten) एउटा महत्वपूर्ण विषय हो । कुनै व्यक्तिको जीवनले नयाँ मोड लिइसकेपछी, एउटा बिन्दुबाट अगाडी बढिसकेपछी उसले नचाहँदा नचाहँदै पछि छोडिएको

विगतलाई टाँस गरिरहँदा व्यक्तिको सम्मानपूर्वक जीवनको अधिकार कुण्ठित हुन्छ । व्यक्तिले आफ्नो लैङ्गिक पहिचान अनुसार निर्वाध जीवनयापन गरिसकेको खण्डमा पछी गएर पुनःबाहिरिने जस्ता व्यक्तिगत गोपनीयता र यस्ता विवरणको संवेदनशीलता मध्यनजर गरी यस्ता अभिलेखहरू सँधैका लागि अभिलेखमा रहनुहुँदैन । तसर्थ नगरपालिका वा गाउँपालिकामा रहने सिफारिस पत्र बाहेक अरु सबै अभिलेखहरू ५ वर्ष पछी धुल्याउने प्रावधान राखिएको छ । नगरपालिका वा गाउँपालिकामा भने एउटा अभिलेख रहिरहने भयो । यस्तो प्रावधान गर्दा व्यक्तिको भूतपूर्व विवरण अनाधिकृत र अवाञ्छित बाहिरिने जोखिम हुँदैन । तर नगरपालिका वा गाउँपालिकामा रहिरहने उक्त अभिलेख पनि धुल्याइपाऊँ भन्ने निवेदकले इच्छाएमा त्यस्तो खण्डमा case-by-case निर्णय गर्न सक्ने प्रावधान राखिएको छ ।

## दफा १५ : चिकित्सकीय अभिलेख सम्बन्धी व्यवस्था

यस दफाले चिकित्सकीय अभिलेख सम्बन्धी व्यवस्था गरेको छ । अरु कागजप्रमाणहरूसँगै चिकित्सकीय अभिलेख पनि संशोधन हुनु उत्तिकै महत्वपूर्ण छ । यद्यपि कतिपय चिकित्सकीय सेवाका क्रममा व्यक्तिको जन्मँदा इङ्गित गरिएको लैङ्गिकताको जानकारी आवश्यक हुन सक्छ । यस्तो अवस्थामा स्वास्थ्य उपचारको लागि त्यस विवरणलाई प्रयोग गर्नुपर्ने हुन्छ । त्यसैले चिकित्सकीय अभिलेखमा जन्मँदा इङ्गित गरिएको लैङ्गिकता र लैङ्गिक पहिचान दुई छुट्टै महलहरूमा उल्लेख गर्न सक्ने व्यवस्था गरिएको छ ।

जन्मँदा इङ्गित गरिएको लैङ्गिकता उल्लेख गर्दैमा नीज व्यक्तिलाई त्यस अनुसार सम्बोधन गर्न सकिने भन्ने होइन । त्यसैले जन्मँदा इङ्गित गरिएको लैङ्गिकता उल्लेख भएकै कारणले लैङ्गिक दुस्बोधन गरिने कार्यलाई बन्देज गर्नु पनि महत्वपूर्ण छ ।

यस दफाले चिकित्सकीय उपचारमा आवश्यक जानकारी पनि माग्न मिल्ने र व्यक्तिको गोपनीयता पनि कायम हुने व्यवस्था गरेको छ । त्यसै गरी केकस्ता उपचारका विषयहरूमा व्यक्ति जन्मँदा इङ्गित गरिएको लैङ्गिकता आवश्यक हुन्छ भन्ने जानकारी प्रकाशन गर्न नेपाल मेडिकल बोर्डलाई जिम्मेवारी दिइएको छ जसकारण लैङ्गिक पहिचानका आधारमा सिमान्तकृत जनसमुदाय यस बारे जानकार भएर चिकित्सकहरूलाई आवश्यक जानकारी दिन सक्षम हुन सक्नेछन् ।

## दफा १६ : छुट्टै परिचयपत्रको व्यवस्था

विभिन्न सिमान्तकृत समुदायलाई लक्षित सेवा, सुविधा एवं सहुलियत उपभोगका लागि छुट्टै परिचयपत्रको व्यवस्था गरिएको छ, र त्यसैले लैङ्गिक पहिचानका आधारमा सिमान्तकृत जनसमुदायले इच्छाएमा यस्तो छुट्टै प्रकारको परिचयपत्र लिन सक्ने प्रावधान राखिएको छ । अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाती लगायत विभिन्न सिमान्तकृत वर्गलाई प्राप्त हुने आरक्षण तथा सुविधाहरूको उपभोगका लागि यस्तो परिचयपत्रहरू अवलम्बन गरिएको छ ।

## दफा १७, १८ र १९ : निर्देशन समिति

यस मस्यौदा विधेयकमा प्रस्तावित ऐन बमोजिमको अधिकारको प्रचलन गराउने र संरक्षण गर्ने सम्बन्धी काम कार्यवाही, समन्वय, रेखदेख, प्रबर्द्धन तथा सो सम्बन्धी निर्देशन दिनका लागि राष्ट्रिय निर्देशन समितिको परिकल्पना गरिएको छ । यस समितिले प्रदेश र स्थानीय तहमा समेत गठन गर्न पाउने प्रावधान गरिएको छ । यसमा प्रचलित अन्य ऐन कानूनहरूलाई आधार मानिएको छ । यस समितिका कारण लैङ्गिक पहिचान सम्बन्धीका कामकारवाहीमा सहजीकरण हुने र यस समितिले कुनै बाधा अड्चन फुकाउ गर्नपरेमा सकरात्मक भूमिका समेत निर्वाह गर्न सक्नेछ ।

## दफा २० : जिल्ला अदालतमा निवेदन दिन सक्ने

कुनै व्यक्तिलाई यस मस्यौदा विधेयकमा प्रस्तावित ऐन बमोजिमको अधिकार हनन गरेमा वा उपभोग गर्नबाट वञ्चित गराएमा जिल्ला अदालतमा निवेदन दिन सक्ने प्रावधान राखिएको छ । त्यस्तो अवस्था परेमा जिल्ला अदालतले निकाशा दिन सक्ने गरी यो प्रावधान राखिएको हो ।

## दफा २१, २२ र २३ : मुद्दाको कार्यविधि

यस मस्यौदा विधेयकमा प्रस्तावित ऐनमा कसूरको रूपमा पहिचान गरिएका विषयहरूमा सजाय तोक्न र सजायको हदम्याद तोक्न यो प्रावधान राखिएको छ । यसमा प्रचलित अन्य ऐन कानूनहरूलाई आधार मानिएको छ । यस्ता मुद्दाहरूमा नेपाल सरकार वादी हुने प्रावधान राखिएको छ । लैङ्गिक पहिचानका आधारमा सिमान्तकृत जनसमुदाय पछाडी पारिएको र शिक्षा स्वास्थ्य रोजगार जस्ता आधारभूत विषयमा समेत पहुँच नभएको वा हुन नसकेको अवस्थामा नेपाल सरकार वादी हुन महत्वपूर्ण हुन्छ ।

## दफा २४, २५ र २६

नियम, कार्यविधी र अनुसूची सम्बन्धी यस्ता प्रावधान अरु ऐन कानूनहरूमा पनि गरिएको हुन्छ ।

## दफा २७

गृह मन्त्रालयद्वारा जारी गरिएको यस निर्देशिका समस्याजनक र हननजन्य छ । यस निर्देशिका विरुद्ध राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी तथा सर्वोच्च अदालतमा रिट निवेदन समेत परेको छ । लैङ्गिक पहिचानलाई व्यापक रूपमा समावेश गर्ने यस मस्यौदा विधेयकले परिकल्पना गरेको ऐन लागू भइसकेपछी यो निर्देशिका असान्दर्भिक, अनावश्यक र बाझिने हुन्छ र तसर्थः यो निर्देशिका खारेजभागी छ ।

# मस्यौदा विधेयक

## लैङ्गिक पहिचान सम्बन्धी विधेयक, २०७८

**प्रस्तावना :** नेपालको संविधान, २०७२, धारा १२ ले लैङ्गिक पहिचान सहितको नागरिकता सुनिश्चित गरेको हक लगायतका मौलिक हकहरूलाई कार्यान्वयन गर्न तथा प्रत्येक नागरिकले आफ्नो लैङ्गिक पहिचान सहितको परिचय निर्बाध प्रयोग गर्न पाउने अधिकारको संरक्षण गर्न गराउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिम व्यवस्थापिका–संसदले यो ऐन बनाएको छ ।

**<u>१. संक्षिप्त नाम र प्रारम्भ :</u>** (१) यस ऐनको नाम "लैङ्गिक पहिचान सम्बन्धी ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकानब्बेऔं दिनबाट प्रारम्भ हुनेछ ।

**<u>२. परिभाषा :</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, —

(क) "अन्तरलिङ्गी व्यक्ति" भन्नाले पुलिङ्गी वा स्त्रीलिङ्गी शरीरका परम्परागत धारणाहरूमा नअटाउने यौन विशेषता (यौनाङ्ग, प्रजनन ग्रन्थी तथा गुणसुत्रको ढाँचा) भएका व्यक्तिहरू भनेर बुझ्नुपर्छ ।

(ख) "गैर–द्वयसांखिक व्यक्ति" भन्नाले जन्मँदा इङ्गित गरिएको लैङ्गिकता भन्दा फरक महिला र पुरुषको लैङ्गिक पहिचान बाहेकका विविध लैङ्गिक पहिचानहरूलाई बुझाउने एकमुष्ट छाता शब्द हो भनेर बुझ्नुपर्छ ।

(ग) "जन्मँदा इङ्गित गरिएको लैङ्गिकता" भन्नाले कुनै बच्चाको जन्म पश्चात् सामाजिक मूल्य मान्यता अनुसार स्पष्ट यौनाङ्ग भए नीजको यौन अङ्गको आधारमा शिश्न भए केटा वा योनी भए केटी भनेर गरिने निर्धारण वा अस्पष्ट यौनाङ्ग भए नीजको अभिभावकको इच्छा अनुसार केटा वा केटी भएर गरिने निर्धारण भनेर बुझ्नुपर्छ ।

(घ) "तेस्रोलैङ्गिक व्यक्ति" भन्नाले महिला र पुरुष भन्दा भिन्न भनी पहिचान गर्नुका साथै नेपाललगायत दक्षिण एसियामा आफ्नो छुट्टै समाज, समुदाय, सामुदायिक बसोबास, जीवनशैली, संस्कृति, रीतिरिवाज, मूल्य मान्यता, सामाजिक व्यवस्था तथा प्रणाली र छुट्टै भाषिका समेत भएका परम्परागत समुदायहरू भनेर बुझ्नुपर्छ ।

(ङ) “त्याचलैङ्गिक व्यक्ति” भन्नाले जन्मँदा इङ्गित गरिएको लैङ्गिकता अनुरूपकै लैङ्गिक पहिचान भएका व्यक्तिहरू अर्थात् त्याचलैङ्गिक महिला तथा त्याचलैङ्गिक पुरुष भनेर बुझ्नुपर्छ ।

(च) “त्याचलैङ्गिक पुरुष” भन्नाले जन्मँदा यौनाङ्गका आधारमा पुलिङ्गी इङ्गित गरिएको पुरुष भनेर बुझ्नुपर्छ ।

(छ) “त्याचलैङ्गिक महिला” भन्नाले जन्मँदा यौनाङ्गका आधारमा स्त्रीलिङ्गी इङ्गित गरिएको महिला भनेर बुझ्नुपर्छ ।

(ज) “पारलैङ्गिक व्यक्ति” भन्नाले जन्मँदा इङ्गित गरिएको लैङ्गिकता भन्दा फरक लैङ्गिक पहिचान भएका व्यक्ति अर्थात् पारलैङ्गिक महिला तथा पारलैङ्गिक पुरुष भनेर बुझ्नुपर्छ ।

(झ) “पारलैङ्गिक महिला” भन्नाले जन्मँदा यौनाङ्गका आधारमा पुलिङ्गी इङ्गित गरिएको महिला भनेर बुझ्नुपर्छ ।

(ञ) “पारलैङ्गिक पुरुष” भन्नाले जन्मँदा यौनाङ्गका आधारमा स्त्रीलिङ्गी इङ्गित गरिएको पुरुष भनेर बुझ्नुपर्छ ।

(ट) “मृतनाम” भन्नाले कुनै पनि व्यक्तिलाई शिशु अवस्थामा राखिदिएको जन्मँदा इङ्गित गरिएको लैङ्गिकताको प्रतिनिधित्व गर्ने नाम र नीज व्यक्तिले आफ्नो स्वःअनुभूतीको लैङ्गिक पहिचान अनुसार जीवनयापन गरिसकेपछि त्याग गरेको वा आफ्नो लैङ्गिक पहिचानको सही प्रतिनिधित्व गर्ने नामबाट प्रतिस्थापन भएको नाम भनी बुझ्नुपर्छ ।

(ठ) “लैङ्गिक पहिचान” भन्नाले प्रत्येक व्यक्तिको लैङ्गिकता सम्बन्धि व्यक्तिगत अनुभूति, अनुभव तथा अन्तरबोधन भनेर बुझ्नुपर्छ ।

(ड) “लैङ्गिक दुस्बोधन” भन्नाले कुनै पनि व्यक्ति, विशेषगरी लैङ्गिक पहिचानका आधारमा सिमान्तकृत व्यक्तिहरूलाई, उनीहरूको लैङ्गिक पहिचान वा उनीहरूले आफूलाई सम्बोधन गर्दा प्रयोग गर्न अनुरोध गरेका लैङ्गिकताबोधक शब्द-शब्दावली प्रतिकूल सम्बोधन गर्ने कार्य भनी बुझ्नुपर्छ ।

(ढ) "व्यक्तिगत कागजप्रमाण" भन्नाले नागरिकता प्रमाणपत्र, जन्म दर्ता, शैक्षिक प्रमाणपत्रहरू, राष्ट्रिय परिचयपत्र, मतदाता परिचयपत्र, जग्गाधनी पूर्जा, घरधनी पूर्जा, सवारी चालक अनुमतीपत्र, सवारी दर्ता प्रमाणपत्र, राहदानी, अपाङ्गता परिचयपत्र लगायत सरकारी, अर्ध-सरकारी, गैर-सरकारी तथा

निजी निकाय एवं संस्थाहरूले प्रदान गरेको परिचयपत्र, प्रमाणपत्र तथा कागजपत्रहरू भनी सम्झनुपर्छ ।

(ण) "वैयक्तिक लैङ्गिक इतिहास" भन्नाले कुनै पनि व्यक्तिले आफ्नो स्वःअनुभूतीको लैङ्गिक पहिचान अनुसार जीवनयापन गर्नअघिका तस्बीर, भिडियो लगायतका दृश्यक सामग्रीहरू, व्यक्तिको मृतनाम, जन्मँदा इङ्गित गरिएको लैङ्गिकता सम्बन्धी विवरण भनी सम्झनुपर्छ ।

## परिच्छेद २

## लैङ्गिक पहिचानको हक

**३. लैङ्गिक पहिचानको हक :** (१) प्रत्येक व्यक्तिलाई आफ्नो स्वःअनुभूतीको लैङ्गिक पहिचान अनुसार जीवनयापन गर्ने अधिकार हुनेछ ।

(२) प्रत्येक व्यक्तिलाई आफ्नो लैङ्गिक पहिचान सहितको स्वतन्त्र व्यक्तित्व बिकासको अधिकार हुनेछ ।

(३) प्रत्येक व्यक्तिलाई आफ्नो लैङ्गिक पहिचान सहितको परिचय स्थापित गर्ने अधिकार हुनेछ ।

(४) प्रत्येक व्यक्तिलाई आफ्नो शारीरिक निष्ठा तथा स्वायत्तताको अधिकार हुनेछ ।

**४. सीमान्तकृत समूह मानिने :** (१) गैर–द्वयसांखिक व्यक्ति, तेस्रोलैङ्गिक व्यक्ति, पारलैङ्गिक महिला र पारलैङ्गिक पुरुष लैङ्गिक पहिचान भएका व्यक्ति साथै अन्तरलिङ्गी व्यक्तिहरूलाई आर्थिक, शैक्षिक, सामाजिक र सांस्कृतिक दृष्टिले पछाडी पारिएका सीमान्तकृत समूहहरू मानिनेछ ।

(२) उपदफा (१) मा उल्लेख सीमान्तकृत समूहहरूको संरक्षण, सशक्तिकरण वा बिकासका लागि विशेष व्यवस्था गरिनेछ ।

**५. लैङ्गिक पहिचानको आधारमा भेदभाव, घृणा, हेला, वा तिरस्कार गर्न नहुने :** (१) कसैले पनि लैङ्गिक पहिचानको आधारमा भेदभाव गर्न वा गराउन हुँदैन ।

(२) कसैले पनि लैङ्गिक पहिचानका आधारमा व्यक्तिलाई घृणा, हेला, उपहास वा तिरस्कार गर्न वा नीजको आत्मसम्मानमा चोट पुर्याउने कुनै पनि कार्य गर्न हुँदैन ।

(३) कसैले उपदफा (१) र (२) बमोजिमको कुनै कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ ।

(४) लैङ्गिक पहिचानको आधारमा हुने विभेद, लाञ्छना, हिंसा, घृणा, हेला वा तिरस्कार उन्मुलन गर्ने उद्देश्यले नेपाल सरकारद्वारा औपचारिक तथा अनौपचारिक शिक्षाको पाठ्यक्रममा लैङ्गिक पहिचानको विषयलाई समावेश गरी पठनपाठन गराउने एवं विभिन्न माध्यमहरूद्वारा जनचेतना अविवृद्धिको कार्यक्रम गर्ने कार्य गर्नुपर्नेछ ।

**६. लैङ्गिक पहिचान सहितको कानूनी पहिचानको अधिकार :** (१) व्यक्तिगत कागजप्रमाणहरूमा देहाय मध्येका लैङ्गिक विवरण उल्लेख गर्न सकिनेछ :

क) महिला

ख) पुरुष

ग) तेस्रोलैङ्गिक

घ) गैर-द्वयसांखिक

स्पष्टिकरण : "पुरुष" भन्नाले त्याचलैङ्गिक पुरुष र पारलैङ्गिक पुरुषलाई समेत जनाउँदछ भने "महिला" भन्नाले त्याचलैङ्गिक महिला र पारलैङ्गिक महिलालाई समेत जनाउँदछ । अन्तरलिङ्गी व्यक्ति हुनु यौन विशेषताको प्रकार हो र अन्तरलिङ्गी व्यक्तिहरूको उपरोक्त मध्ये लैङ्गिक पहिचान हुँदछ ।

(२) प्रत्येक व्यक्तिलाई नीजको व्यक्तिगत कागजप्रमाणहरू लैङ्गिक पहिचानअनुसार प्राप्त गर्ने अधिकार हुनेछ ।

(३) प्रत्येक व्यक्तिलाई जन्मँदा इङ्गित गरिएको लैङ्गिकताका आधारमा प्राप्त भएको व्यक्तिगत कागजप्रमाण संशोधन गरी लैङ्गिक पहिचान अनुसार कायम गर्ने अधिकार हुनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम लैङ्गिक पहिचान सहितको व्यक्तिगत कागजप्रमाण प्राप्त तथा संशोधन गर्नको लागि व्यक्तिको स्वःपहिचान र आत्मनिर्णयलाई आधार मानिनेछ ।

(५) लैङ्गिक पहिचान सहितको कानूनी पहिचानको अधिकारको उपभोगका लागि कुनै व्यक्तिले यौनाङ्ग पुनःनिर्माण वा परिवर्तन शल्यक्रिया, हर्मोन थेरापि, मनोचिकित्सक वा कुनै प्रकारको चिकित्सकीय विधि अपनाउन बाध्य बनाए यस ऐन बमोजिमको कसूर मानिनेछ ।

**७. नाम परिवर्तनको अधिकार :** (१) प्रत्येक व्यक्तिलाई लैङ्गिक पहिचान अनुसार व्यक्तिगत कागजप्रमाण संशोधन गर्दा नीजको नामले नीजको लैङ्गिक पहिचानको सही प्रतिनिधित्व गरेको नलागेमा नीजको लैङ्गिक पहिचानको सही प्रतिनिधित्व हुने गरी नाम परिवर्तन गर्ने अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिम नामको छनोट गर्ने अधिकार नीज व्यक्ति स्वयंको हुनेछ ।

(३) उपदफा (१) बमोजिम नाम परिवर्तन गरिसकेपश्चात् परिवर्तनपूर्वको नाम मृतनाम ठहर हुनेछ ।

(४) उपदफा (३) बमोजिम मृतनाम ठहर भएको नाम नीज व्यक्तिलाई चिन्न चिनाउन वा सम्बोधनका लागि प्रयोग गर्न बाध्य बनाउन पाइने छैन र गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ ।

**८. लैङ्गिक पहिचान अनुसार सम्बोधन गर्नुपर्ने :** (१) कुनै व्यक्तिलाई सम्बोधन गर्दा नीजको लैङ्गिक पहिचान अनुरूपको शब्दावली तथा भाषा प्रयोग गरी सम्बोधन गरिनुपर्छ ।

(२) कुनै व्यक्तिले यस ऐन बमोजिम आफ्नो व्यक्तिगत कागजप्रमाणमा लैङ्गिक विवरण वा नाम तथा लैङ्गिक विवरणको संशोधन गर्न निवेदन दिएमा उक्त कार्यवाहीमा समेत नीजले संशोधन मार्फत् हटाउन चाहेको

लैङ्गिक विवरण वा नाम तथा लैङ्गिक विवरण अनुसार सम्बोधन गर्नुहुँदैन र कायम गर्न चाहेको लैङ्गिक विवरण वा नाम तथा लैङ्गिक विवरण अनुसार सम्बोधन गरिनुपर्छ ।

(३) उपदफा (१) मा जेसुकै लेखिएको भएतापनि कुनै व्यक्तिलाई लैङ्गिक तटस्थ शब्द शब्दावलीले सम्बोधन गर्दा अन्यथा मानिने छैन ।

(४) कुनै पनि व्यक्तिलाई लैङ्गिक दुस्बोधन विरुद्धको अधिकार हुनेछ र कसैले कसैलाई लैङ्गिक दुस्बोधन गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ ।

**९. गोपनीयताको हक :** (१) प्रत्येक व्यक्तिलाई आफ्नो वैयक्तिक लैङ्गिक इतिहास सम्बन्धी गोपनीयताको हक हुनेछ ।

(२) प्रत्येक व्यक्तिलाई आफ्नो लैङ्गिक पहिचानसँग सम्बन्धित चिकित्सकीय विवरणउपर गोपनीयताको हक हुनेछ ।

(३) यस ऐन बमोजिम लैङ्गिक पहिचानको अधिकार उपभोगार्थ बुझाइएका वा पेश गरिएका निवेदन, पत्राचार तथा लिखितहरूउपर गोपनीयताको हक हुनेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिमका कुनै पनि विषय लेखेर, बोलेर, प्रकाशन गरेर जुनसुकै माध्यम प्रयोग गरेर वा अन्य कुनै प्रकारले नीज व्यक्तिको मञ्जुरी बेगर सार्वजनिक गरे वा गराएमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ ।

(५) उपदफा (१), (२) र (३) बमोजिम कुनै व्यक्तिको विवरणहरू सार्वजनिक हुन गएमा सम्बन्धित व्यक्तिले त्यस्ता सामग्री हटाइपाऊँ भनी निवेदन दिएमा त्यस्तो विवरणलाई सार्वजनिक गरेको व्यक्ति, संस्था, संगठन वा निकायले त्यसरी सार्वजनिक गरेका सम्पूर्ण विवरण सबै माध्यमहरूबाट हटाउनुपर्नेछ र त्यसो नगरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ ।

(६) यस ऐन बमोजिम व्यक्तिगत कागजप्रमाण संशोधन वा अन्य जुनसुकै कार्य गर्दा गोपनीयतालाई सुनिश्चित गर्नुपर्नेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा गोपनीयताको खुलासा गर्न सकिनेछः–

(क) सम्बन्धित व्यक्तिको मञ्जुरी भएमा,

(ख) सम्बन्धित व्यक्तिले नै आफूखुशीले सार्वजनिक गरेको भएमा,

(ग) सम्बन्धित निकायलाई कुनै फौजदारी कसूरको अनुसन्धानका सिलसिलामा सो जानकारी आवश्यक भएमा ।

(८) कसैले पनि कुनै व्यक्तिलाई नीजले आफ्नो स्वःअनुभूतिको लैङ्गिक पहिचान अनुसार जीवनयापन गर्नुपूर्व चिनेका आधारमा नीजको वैयक्तिक लैङ्गिक इतिहास सार्वजनिक गर्ने वा खुलाउन पाउने छैन ।

## परिच्छेद ३

## लैङ्गिक पहिचानको हकको उपभोग

**१०. लैङ्गिक पहिचानको हकको उपभोग :** (१) प्रत्येक व्यक्तिले आफ्नो लैङ्गिक पहिचानसहितको परिचय स्थापित गर्नका लागि लैङ्गिक विवरण वा नाम तथा लैङ्गिक विवरण संशोधन गर्न स्थायी बसोबास भएको वडा कार्यालयसमक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गरिने निवेदनमा निवेदकले :-

(क) आफ्नो लैङ्गिक पहिचान आफूलाई जन्मँदा इङ्गित गरिएको लैङ्गिकताभन्दा फरक रहेको व्यहोरा र आफ्नो लैङ्गिक पहिचानको स्पष्ट स्वःघोषणा गर्नुपर्नेछ;

(ख) संशोधन गरी कायम गर्न चाहेको लैङ्गिक विवरण उल्लेख गर्नुपर्नेछ;

(ग) नाम सहित संशोधन गरी कायम गर्न चाहेको भए कायम गर्न चाहेको नाम उल्लेख गर्नुपर्नेछ;

(घ) नीजले हालसम्म प्राप्त गरेको सबै व्यक्तिगत कागजप्रमाणहरुको सूची बनाई उल्लेख गर्नुपर्नेछ ;

(ङ) नीजले हालसम्म प्राप्त गरेको सबै व्यक्तिगत कागजप्रमाणहरूको प्रतिलिपि एक प्रति संलग्न गर्नुपर्नेछ ;

(च) नीजले प्रयोग गर्दै आएका बैंक तथा वित्तिय संस्थाहरूको खाताको विवरण उल्लेख गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदनमा वडा कार्यालयले १५ दिन भित्र निवेदकको माग बमोजिम लैङ्गिक विवरण वा नाम सहित लैङ्गिक विवरण संशोधन भएको सिफारिस जारी गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सिफारिस जारी गरिसकेपछि वडा कार्यालयले उपदफा २ (घ), (ङ) र (च) बमोजिम प्राप्त गरेको व्यक्तिगत कागजप्रमाणहरू प्रदान गर्ने सम्बन्धित निकायहरूमा १५ दिनभित्र पत्राचार गरिसक्नुपर्नेछ ।

(५) उपदफा (३) बमोजिम जारी भएको सिफारिस प्राप्त गरिसकेपछि नीज व्यक्ति स्वयंले व्यक्तिगत कागजप्रमाणसहित सम्बन्धित निकायमा गई निवेदन पेश गरी संशोधनको माग गर्न सक्नेछ ।

(६) उपदफा (३) बमोजिम जारी भएको सिफारिस प्राप्त गरिसकेपछि सम्बन्धित निकायहरूले त्यस सिफारिस अनुसार नीज निवेदकको लैङ्गिक विवरण वा नाम सहित लैङ्गिक विवरण निवेदन वा पत्राचार प्राप्त भएको सकेसम्म सोही दिन वा बढीमा ७ दिनभित्र संशोधन गरिसक्नुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम संशोधन भइसकेपछि उक्त व्यक्तिगत कागजप्रमाणको सक्कलै प्रति खिची संशोधन अनुसारको विवरण सहित अर्को व्यक्तिगत कागजप्रमाण नीज निवेदकलाई प्रदान गर्नुपर्नेछ ।

(८) उपदफा (७) को कार्यवाही पूरा गरी निवेदकको सम्पूर्ण व्यक्तिगत कागजप्रमाण संशोधन भई अर्को कागजप्रमाण प्राप्त भएपछि ती कागजप्रमाणहरूको प्रतिलिपि वडा कार्यालयमा बुझाउनुपर्नेछ ।

(९) उपदफा (८) बमोजिम निवेदकले कागजप्रमाणको प्रतिलिपि बुझाउँदा उपदफा २ (घ), (ङ) र (च) अनुसार सूचीकृत सम्पूर्ण व्यक्तिगत कागजप्रमाणहरू संशोधन भएको छ वा छैन भन्ने बुझी छ भने वडा कार्यालयले रुजु गर्नुपर्नेछ ।

(१०) उपदफा (९) बमोजिम रुजु भएपछि प्रक्रिया टुङ्गिएको मानिनेछ ।

(११) उपदफा (१०) बमोजिम टुङ्गो लागिसकेपछि नीज व्यक्तिले संशोधन पश्चात् प्राप्त गरेको लैङ्गिक विवरण वा नाम तथा लैङ्गिक विवरण नै नीज व्यक्तिको एक मात्र लैङ्गिक विवरण वा नाम तथा लैङ्गिक विवरण कायम हुनेछ र संशोधन मार्फत् हटाइएको लैङ्गिक विवरण वा नाम तथा लैङ्गिक विवरणले नीज व्यक्ति चिन्न चिनाउन पाइने छैन ।

(१२) उपदफा (६) र (७) बमोजिम संशोधन भई अर्को कागजप्रमाण प्रदान गर्दा खाता नम्बर, परिचयपत्र नम्बर, प्रमाणपत्र नम्बर वा रजिष्ट्रेशन नम्बर परिवर्तन हुनेछैन ।

**११. अभिलेख सच्याउनु पर्ने :** (१) दफा १० को उपदफा (६) बमोजिम व्यक्तिगत कागजप्रमाण संशोधन गर्दा सम्बन्धित निकायले आफ्नो अभिलेखमा पनि सच्याउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अभिलेख संशोधन गरिसकेपछि सम्बन्धित निकायले पुरानो विवरण मेटाउनुपर्नेछ ।

(३) दफा १३ बमोजिम संशोधनपूर्वको विवरण राख्ने अधिकार सम्बन्धित नगरपालिका वा गाउँपालिकालाई मात्र हुनेछ ।

**१२. अभिलेख राख्नुपर्ने :** (१) यस ऐन बमोजिम भएका कार्यवाहीसम्बन्धीका दस्तावेजहरूको छुट्टै अभिलेख राख्नुपर्नेछ ।

(२) सम्बन्धित निकायले उपदफा (१) बमोजिमको अभिलेख कार्यवाही भएको ५ वर्ष सम्म राख्न सक्नेछ ।

(३) वडा कार्यालयको हकमा उपदफा (१) बमोजिमको अभिलेख प्रत्येक आर्थिक वर्षको अन्त्यमा वडा कार्यालयले सम्बन्धित नगरपालिका वा गाउँपालिका कार्यपालिकाको कार्यालयमा पठाउनुपर्छ ।

(४) सम्बन्धित नगरपालिका वा गाउँपालिका कार्यपालिकाको कार्यालयले उपदफा (३) बमोजिम प्राप्त भएको अभिलेखको व्यवस्थापन गर्नुपर्नेछ ।

(५) यस दफा बमोजिमका अभिलेखहरू गोप्य राख्नुपर्नेछ ।

(६) यस दफामा जेसुकै लेखिएको भएतापनि यस ऐन बमोजिम भएको कार्यवाहीमा वडा कार्यालयले व्यक्तिगत पहिचान नखुल्ने गरी तथ्याङ्कगत विवरण बनाई सम्बन्धित नगरपालिका वा गाउँपालिकाले प्रकाशन गर्न सक्नेछ ।

**१३. आपराधिक विवरण हस्तान्तरण हुने :** (१) यस ऐन बमोजिम व्यक्तिगत कागजप्रमाण संशोधन भएपछि नीज व्यक्तिको आपराधिक विवरणहरू पनि संशोधन मार्फत् कायम भएको लैङ्गिक विवरण वा नाम तथा लैङ्गिक विवरणमा अद्यावधिक गरेर हस्तान्तरण हुनेछ ।

(२) दफा १० को उपदफा (३) बमोजिमको सिफारिस पत्र जारी गरिसकेपछि वडा कार्यालयले नीज व्यक्तिको नाममा रहेको फौजदारी आपराधिक विवरणहरूलाई हस्तान्तरण गर्न प्रहरी प्रशासनलाई पत्राचार गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको पत्राचार प्राप्त भएपछि प्रहरी प्रशासनले नीजको नाममा कुनै आपराधिक विवरण रहेको नरहेको बुझी त्यस्तो विवरण रहेमा वडा कार्यालयले पठाएको सिफारिस पत्र अनुसार संशोधन मार्फत् कायम भएको लैङ्गिक विवरण वा नाम तथा लैङ्गिक विवरणमा हस्तान्तरण गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम आपराधिक विवरण रहेको नरहेको व्यहोरा उल्लेख गरी त्यस्तो विवरण रहेमा सिफारिस पत्रअनुसार संशोधित विवरणमा हस्तान्तरण गरेको प्रहरी प्रशासनले वडा कार्यालयलाई सूचना दिनुपर्नेछ ।

**१४. पुरानो कागजात खारेज गर्नुपर्ने :** (१) यस ऐनबमोजिम निवेदकले व्यक्तिगत कागजप्रमाण संशोधन गरिसकेपछि संशोधन पूर्वको कागजप्रमाणलाई सम्बन्धित निकायले खारेज गर्नुपर्छ ।

(२) दफा १२ को उपदफा (२) बमोजिम सम्बन्धित निकायले ५ वर्ष पश्चात् अभिलेख धुल्याउनु पर्नेछ ।

(३) उपदफा (२) मा जेसुकै लेखिएको भएतापनि नगरपालिका वा गाउँपालिका कार्यपालिकाको कार्यालयमा रहेको अभिलेखबाट दफा १० को उपदफा (३) बमोजिम जारी भएको सिफारिस बाहेकका दस्तावेजहरू मात्र धुल्याउनुपर्नेछ ।

(४) दफा १० को उपदफा (३) बमोजिम जारी भएको सिफारिस पनि धुल्याउन चाहेमा यस ऐन बमोजिम कार्यवाही भएको ५ वर्ष पछी धुल्याइपाऊँ भनि निवेदन दिन सकिनेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा नगरपालिका वा गाउँपालिकाको अधिकारीले उक्त अभिलेख राखिराख्नुपर्ने सान्दर्भिकता छ वा छैन भनि बुझी मनासिब लागेमा सो सिफारिसको अभिलेख पनि धुल्याउन सक्नेछ ।

**१५. चिकित्सकीय अभिलेखसम्बन्धी व्यवस्था :** (१) यस ऐन बमोजिम कुनै व्यक्तिले आफ्नो चिकित्सकीय अभिलेखमा लैङ्गिक विवरण वा नाम तथा लैङ्गिक विवरण संशोधनको लागि दफा १० को उपदफा (३) बमोजिमको सिफारिस सहित चिकित्सकीय संस्थानसमक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन पेश भएमा सम्बन्धित चिकित्सकीय संस्थानले संशोधन माग गरिएको विवरण अनुसार नीज व्यक्तिको नयाँ अभिलेख खडा गरी पुरानो अभिलेखसँग जोइन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पुरानो अभिलेख जोइदा व्यक्तिको मृतनाम मेटाउनुपर्नेछ ।

(४) नीज व्यक्तिको उपचारको लागि नीजको जन्मँदा इङ्गित गरिएको लैङ्गिकताको जानकारी आवश्यक भएमा सोको विवरण पनि व्यहोरा खुलाई छुट्टै महलमा उल्लेख गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको विवरण उल्लेख गर्दा नीज व्यक्तिको लैङ्गिक पहिचान पनि व्यहोरा खुलाई छुट्टै महलमा उल्लेख गर्नुपर्नेछ ।

(६) चिकित्सकीय विवरणमा जन्मँदा इङ्गित गरिएको लैङ्गिकता उल्लेख भएकै कारणले नीज व्यक्तिलाई लैङ्गिक दुस्बोधन गर्नुहुँदैन ।

(७) उपदफा (४) बमोजिमको विवरणमा गोपनीयता कायम गर्नुपर्नेछ र नीजको मञ्जुरीविना त्यस्तो विषयको जानकारी अरु कसैलाई दिन वा सार्वजनिक गर्नुहुँदैन ।

तर स्वास्थ्य उपचारको क्रममा सम्बन्धित विशेषज्ञहरूबीच त्यस विषयमा छलफल गर्न बाधा पर्ने छैन ।

(८) यस ऐन लागू भएको दुई वर्षभित्र नेपाल मेडिकल बोर्डले केकस्ता स्वास्थ्य उपचारका विषयहरूमा व्यक्तिको जन्मँदा इङ्गित गरिएको लैङ्गिकता आवश्यक हुन्छ भन्ने विषयको सूची बनाई सार्वजनिक गर्नुपर्नेछ ।

**१६. परिचयपत्र सम्बन्धी व्यवस्था :** (१) दफा ४ बमोजिमको सीमान्तकृत समूहलाई लक्षित सेवा, सुविधा एवं सहुलियत उपभोग गर्नका लागि छुट्टै परिचयपत्र बनाई दिन सकिनेछ ।

(२) यस ऐन बमोजिम आफ्नो लैङ्गिक पहिचान कायम गरेका व्यक्तिहरूले दफा १० को उपदफा (१०) बमोजिम प्रक्रिया टुङ्गिएपछि उपदफा (१) बमोजिमको परिचयपत्र प्राप्त गर्नका लागि आफू बसोबास गर्ने वडा कार्यालयमा सिफारिसका लागि निवेदन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन परेमा सम्बन्धित वडा कार्यालयले परिचयपत्रका लागि सिफारिस गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको सिफारिसमा नीज व्यक्तिले यस ऐन बमोजिम लैङ्गिक पहिचान कायम गरेनगरेको बुझी दफा १० को उपदफा (३) बमोजिमको सिफारिसमा उल्लेख भए अनुसार गैर–द्वयसांखिक व्यक्ति, तेस्रोलैङ्गिक व्यक्ति, पारलैङ्गिक महिला वा पारलैङ्गिक पुरुष भन्ने विवरण र अन्तरलिङ्गी भनि उल्लेख भएको भए सो पनि खुलाई सिफारिस गर्नुपर्नेछ ।

(५) उपदफा (१) बमोजिमको परिचयपत्रमा उपदफा (३) बमोजिमको सिफारिसमा गैर–द्वयसांखिक व्यक्ति, तेस्रोलैङ्गिक व्यक्ति, पारलैङ्गिक महिला वा पारलैङ्गिक पुरुष भनी खुलाइएको विवरण र अन्तरलिङ्गी भनि उल्लेख भएको भए सो पनि खुलाई उल्लेख हुनुपर्छ ।

(६) यस दफा बमोजिम छुट्टै परिचयपत्रसम्बन्धी दफा १७ मा उल्लेख निर्देशन समितिले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद ४

## निर्देशन समिति गठन

**१७. निर्देशन समिति :** (१) यस ऐन बमोजिमको अधिकार र संरक्षण सम्बन्धी काम कार्यवाहीमा समन्वय, रेखदेख, प्रबर्द्धन गर्ने तथा सो सम्बन्धी काममा निर्देशन दिने काम समेतको लागि लैङ्गिक पहिचानसम्बन्धी एक राष्ट्रिय निर्देशन समिति रहनेछ ।

(२) निर्देशन समितिको गठन देहाय बमोजिम हुनेछः

(क) मन्त्री, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय – अध्यक्ष

(ख) खण्ड (ट) बमोजिमका सदस्यहरू मध्येबाट निर्देशन समितिले मनोनयन गरेको सदस्य – उपाध्यक्ष

(ग) सदस्य, राष्ट्रिय मानव अधिकार आयोग - सदस्य

(घ) सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय – सदस्य

(ङ) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय – सदस्य

(च) सचिव, गह मन्त्रालय – सदस्य

(छ) सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय – सदस्य

(ज) सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय – सदस्य

(झ) सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय – सदस्य

(ञ) लैङ्गिक पहिचान विषयक दुई जना विज्ञहरू – सदस्य

(ट) राष्ट्रिय स्तरका संघ, संगठन, महासंघ तथा मानव अधिकारको क्षेत्रमा कार्यरत दफा ४ मा उल्लेख सीमान्तकृत समूहका व्यक्तिहरू एक-एकको प्रतिनिधित्व हुने गरी सातजना - सदस्य

(ठ) सहसचिव, सम्बन्धित मन्त्रालयको सम्बन्धित महाशाखा – सदस्य

(३) उपदफा (२) को खण्ड (ञ) र (ट) बमोजिमका सदस्यहरूको मनोनयन मन्त्रालयले गर्नेछ र यस्ता सदस्यहरू तथा खण्ड (ख) बमोजिम मनोनित उपाध्यक्षको पदावधि दुई वर्षको हुनेछ ।

(४) उपदफा (२) बमोजिम मनोनीत कुनै सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा मन्त्रालयले त्यस्ता सदस्यलाई जुनसुकै बखत सदस्यको जिम्मेवारीबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै सदस्यलाई जिम्मेवारीबाट हटाउँदा नीजलाई सफाई पेश गर्ने उचित मौका दिनु पर्नेछ ।

(६) निर्देशन समितिको सचिवालय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा रहनेछ ।

**१८. निर्देशन समितिको काम, कर्तव्य र अधिकार :** (१) निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) लैङ्गिक पहिचानसम्बन्धी दीर्घकालीन नीति तर्जुमा गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(ख) नेपाल सरकारबाट स्वीकृत नीतिको अधीनमा रही लैङ्गिक पहिचानसम्बन्धी अधिकार को प्रचलन गर्नेसम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने,

(ग) यस ऐन बमोजिमको कामकारबाहीमा विभिन्न सरकारी निकाय वा गैर-सरकारी संस्थाहरू बीच समन्वय गर्ने,

(घ) लैङ्गिक पहिचानसम्बन्धी प्रचलित कानूनमा आवश्यक सुधार गर्नुपर्ने भएमा नेपाल सरकारलाई सुझाव दिने,

(ङ) दफा ४ मा उल्लेख सीमान्तकृत समूहका व्यक्तिहरूको अधिकारका विषयमा विभिन्न निकायको भूमिकाका बारेमा सम्बन्धित व्यक्ति तथा कर्मचारीलाई प्रशिक्षण प्रदान गर्ने, गराउने,

(च) दफा ४ मा उल्लेख सीमान्तकृत समूहका व्यक्तिहरूको हकहितको प्रबर्द्धन तथा अधिकारको संरक्षण र सेवा सुविधाका लागि काम गर्ने संस्थाको कार्यमा सहयोग गर्ने तथा त्यस्ता संस्थासँग सहकार्य गर्ने,

(छ) दफा ४ मा उल्लेख सीमान्तकृत समूहका व्यक्तिहरूको लागि सञ्चालित विभिन्न कार्यक्रमको अनुगमन, सुपरीवेक्षण र मूल्याङ्कन गर्ने ,

(ज) लैङ्गिक पहिचानका सम्बन्धमा अध्ययन, अनुसन्धान, सूचना संकलन, प्रशोधन एवं प्रकाशन गर्ने गराउने,

(झ) दफा ४ मा उल्लेख सीमान्तकृत समूहका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिका प्रावधानहरू कार्यान्वयन गर्नका लागि सम्बन्धित निकायका कार्यक्रममा उपयुक्त व्यवस्था समावेश गर्न लगाउने,

(ञ) यस ऐन बमोजिमको अधिकार विपरीत कुनै काम कारबाही कसैद्वारा भए गरेको पाइएमा आवश्यक कारबाहिका लागि सम्बन्धित निकायमा लेखी पठाउने,

(ट) तोकिए बमोजिमका अन्य कार्य गर्ने गराउने ।

(२) निर्देशन समितिको बैठकसम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ ।

**१९. प्रदेश स्तरमा समिति गठन गर्न सक्ने :** (१) प्रदेश सरकारले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम अधिकारको प्रभावकारी कार्यान्वयन गर्न गराउन तथा प्रदेश सरकारबाट नीज व्यक्तिहरूको सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न समेतको लागि सम्बन्धित मन्त्रालयका मन्त्रीको अध्यक्षतामा प्रदेश स्तरको समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) स्थानीय स्तरमा समिति गठनको व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद ५
## <u>अधिकार संरक्षण र प्रचलन</u>

**<u>२०. अधिकार प्रचलन गराउन जिल्ला अदालतमा निवेदन दिन सक्ने :</u>** (१) यस ऐन बमोजिमको अधिकार प्रचलन वा यस ऐनप्रतिको दायित्व पूरा गराउन नीज व्यक्ति रहे बसेको जिल्लाको जिल्ला अदालत समक्ष सोझै निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा सम्बन्धित जिल्ला अदालतले सोसम्बन्धमा आवश्यक जाँचबुझ गरी व्यक्तिको अधिकारको प्रचलन गर्ने वा नीज व्यक्तिप्रतिको दायित्व पूरा गराउने सम्बन्धमा सम्बन्धित निकायका नाममा उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम आदेशमा जिल्ला अदालतले व्यक्तिको अधिकार उल्लङ्घन गर्ने वा नीज व्यक्ति प्रतिको दायित्व पूरा नगर्ने व्यक्ति, संस्था वा निकायका प्रमूखलाई सचेत गराउन वा दफा २१ बमोजिम सजाय गर्न र नीजबाट मनासिब क्षतिपूर्ति भराउने समेतको आदेश गर्न सक्नेछ ।

## परिच्छेद ६
## <u>कसूर र सजाय</u>

**<u>२१. सजाय :</u>** (१) कसैले दफा ५ को उपदफा (१) र (२), दफा ६ को उपदफा (५), दफा ७ को उपदफा (४), दफा ८ को उपदफा (४) वा दफा १५ को उपदफा (७) विपरीत कुनै काम गरेमा त्यस्तो व्यक्तिलाई छ महिनासम्म कैद वा दश हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(२) कसैले दफा ९ को उपदफा (४) वा (५) विपरीत कुनै काम गरेमा त्यस्तो व्यक्तिलाई एक महिनादेखि तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको कसूर गर्न प्रोत्साहन गर्ने, उद्योग गर्ने वा मतियार भई सहयोग गर्नेलाई मूख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको सजाय पाएको व्यक्तिले पुनः त्यस्तो कार्य गरेमा सो उपदफा बमोजिम हुने सजायमा पच्चीस प्रतिशत थप सजायसमेत हुनेछ ।

(५) कुनै व्यक्तिले यस ऐनद्वारा प्रदत्त अधिकारको उल्लङ्घन गरेमा वा नीज प्रतिको दायित्व पूरा नगरेमा त्यस्तो व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(६) माथि उपदफाहरूमा लेखिएदेखि बाहेक यस ऐन विपरीत कार्य गर्ने व्यक्ति वा कुनै संस्था वा निकायका प्रमूखलाई पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

**२२. हदम्याद :** दफा २१ बमोजिम सजाय हुने विषयमा सो काम भए गरेको मितिले ६ महिनाभित्र मुद्दा दायर गरिसक्नु पर्नेछ । दफा २१ मा सजाय उल्लेख भएका कसुरका सम्बन्धमा त्यस्तो कसुरबाट मर्का पर्ने पक्षले कसुर गरेका मितिले छ महिनाभित्र सम्बन्धित निकायमा उजुरी दिईसक्नुपर्नेछ ।

**२३. नेपाल सरकार वादी हुने :** दफा २१ को उपदफा (१), (२), (३), (४), (५) र (६) अन्तर्गतको सजाय हुने मुद्दा नेपाल सरकार वादी हुनेछ र सो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ मा समावेश भएको मानिनेछ ।

## परिच्छेद ७
## विविध

**२४. नियम बनाउने अधिकार :** यस ऐनको कार्यान्वयनका लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

**२५. कार्यविधि तथा निर्देशिका बनाउने अधिकार :** यस ऐनको कार्यान्वयन गर्न मन्त्रालयले यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**२६. अनुसूचीमा हेरफेर गर्न सक्ने :** मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

**२७. खारेजी र संशोधन :** (१) यस ऐन मार्फत् गृह मन्त्रालयले जारी गरेको *यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूलाई लिङ्गको महलमा 'अन्य' जनाई नागरिकता जारी गर्ने सम्बन्धी निर्देशिका, २०६९* को खारेज भएको छ ।

# ऐनसँग सम्बन्धित ढाँचा

**दफा १० को उपदफा (१) र (२) सँग सम्बन्धित**

मिति : ..............................

श्री वडा अध्यक्ष्यज्यू,
......... नं. वडा कार्यालय,
............ नगरपालिका / गाउँपालिका,
...............*(ठेगाना)*....................... ।

**विषय : लैङ्गिक पहिचान सम्बन्धी ऐन, २०७८ बमोजिम आफ्नो जन्मँदा इङ्गित लैङ्गिकता अनुसार प्राप्त भएका व्यक्तिगत कागजप्रमाणहरूलाई संशोधन गरी आफ्नो लैङ्गिक पहिचान अनुसार कायम गरिपाऊँ भन्ने बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा म ......................... प्रदेश ......................... जिल्ला ....................... मनपा/उपमनपा/नपा/गापा ............ वडा बस्ने निवेदक मेरो लैङ्गिक पहिचान महिला / पुरुष / तेस्रोलैङ्गिक / गैर-द्वयसांखिक हो । मलाई जन्मँदा पुरुष / महिला / अस्पष्ट भनि इङ्गित गरिएको थियो । मेरो जन्मँदा इङ्गित गरिएको लैङ्गिकता भन्दा फरक लैङ्गिक पहिचान रहेको र म आफ्नो लैङ्गिक पहिचान अनुसारकै परिचय स्थापित गरी समाजमा आफू चिनिन र चिनाउन चाहन्छु ।

ऐनको दफा ४ बमोजिम म देहाय समूहअन्तर्गत पर्दछु : गैर–द्वयसांखिक व्यक्ति / तेस्रोलैङ्गिक व्यक्ति / पारलैङ्गिक महिला / पारलैङ्गिक पुरुष । म अन्तरलिङ्गी यौन विशेषता भएको व्यक्ति हुँ / होइन । म देहाय अनुसार मेरो लैङ्गिक पहिचान कायम हुने गरी मेरा सबै व्यक्तिगत कागजप्रमाणहरू संशोधन गर्न चाहन्छु ।

| | **संशोधन गर्न चाहेको** | **कायम गर्न चाहेको** |
|---|---|---|
| **लैङ्गिक विवरण** | | |
| **नाम** | | |

*(निवेदकले लैङ्गिक विवरणमा मात्र संशोधन माग गरेको छ भने नामको महलमा X चिन्ह लगाउने ।)*

मैले हालसम्म प्राप्त गरेको सबै व्यक्तिगत कागजप्रमाणहरू देहाय बमोजिम छन् :

| **क्र.सं.** | **व्यक्तिगत कागजप्रमाण** | **नम्बर** |
|---|---|---|
| *१.* | *नेपाली नागरिकताको प्रमाणपत्र* | XX-XX-XX-XXXXX |
| *२.* | *राहदानी* | XXXXXXXX |
| *३.* | *एस.एल.सी लब्धांक पत्र* | XXXXXXXX |
| *४.* | *एस.एल.सी चारित्रिक प्रमाणपत्र* | XXXX |
| *५.* | *जन्म दर्ता प्रमाणपत्र* | XXXX |
| | | |

यस सूचीमा सूचिकृत कागजप्रमाणहरूको विवरण सही छन् र मसँग भएका सम्पूर्ण कागजप्रमाणहरू यहाँ सूचिकृत गराएको छु । यो व्यहोरा झुट्टा भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

**संलग्न : -** सूचिकृत व्यक्तिगत कागजप्रमाणहरूको प्रतिलिपि एक प्रति ।

निवेदकको नाम :-

सही :-

दा.                    ब.

**दफा १० को उपदफा (३) सँग सम्बन्धित**

सिफारिस ढाँचा

नेपाल सरकार
.............. प्रदेश
............ नगरपालिका / गाउँपालिका
वडा ............ ।

**विषय : लैङ्गिक पहिचान सम्बन्धी ऐन, २०७८ बमोजिम लैङ्गिक पहिचान कायम गर्न लैङ्गिक विवरण वा नाम तथा लैङ्गिक विवरण संशोधन सम्बन्धी सिफारिस**

सिफारिस नं :

मिति : ...........................................

...................... प्रदेश ...................... जिल्ला ....................... मनपा/उपमनपा/नपा/गापा ........ वडा बस्ने निवेदकले लैङ्गिक पहिचान सम्बन्धी ऐन, २०७८ बमोजिम आफ्नो जन्मँदा इङ्गित लैङ्गिकता अनुसार प्राप्त भएका व्यक्तिगत कागजप्रमाणहरूलाई संशोधन गरी आफ्नो लैङ्गिक पहिचान अनुसार कायम गरिपाउँ भनि यस वडा कार्यालयमा मिति ............ मा दर्ता भएको निवेदन बमोजिम नीज व्यक्तिको लैङ्गिक पहिचन सहितको कानूनी पहिचानको अधिकारलाई सुनिश्चित गर्दै निवेदकको माग बमोजिमको संशोधन गर्ने सिफारिस जारी गरिएको छ ।

निवेदकको माग अनुसार नीजको सबै व्यक्तिगत कागजप्रमाणहरू संशोधन गर्न गराउन सबै सम्बन्धित निकायहरूमा आदेशानुसार अनुरोध छ ।

| | **संशोधन गर्न चाहेको** | **कायम गर्न चाहेको** |
|---|---|---|
| **लैङ्गिक विवरण** | | |
| **नाम** | | |

*(निवेदकले लैङ्गिक विवरणमा मात्र संशोधन माग गरेको छ भने नामको महलमा X चिन्ह लगाउने ।)*

नागरिकता नं :-

जन्म दर्ता नं (नागरिकता प्राप्त गरिनसकेको भएमा) :-

वडा अध्यक्षको सही

वडा कार्यालयको छाप

***अर्को पानामा***

लैङ्गिक पहिचानसम्बन्धी ऐन, २०७८ बमोजिम लैङ्गिक पहिचान कायम गर्न लैङ्गिक विवरण वा नाम तथा लैङ्गिक विवरण संशोधन गर्नका लागि मिति ........... को सिफारिस नं ............ रहेको निवेदकले संशोधनका लागि पेश गरेको व्यक्तिगत कागजप्रमाणहरूको सूची ।

*(सम्बन्धित निकायले सिफारिस अनुसार निवेदकको व्यक्तिगत कागजप्रमाणमा संशोधन गरि अर्को जारी गरिसकेपछि यस सूचीको सम्बन्धित महलमा सम्बन्धित अधिकारीको* दस्तखत गर्ने *र कार्यालयको छाप लगाउने ।)*

| क्र.सं. | व्यक्तिगत कागजप्रमाण | नम्बर | सम्बन्धित निकाय | दस्तखत | छाप |
|---|---|---|---|---|---|
| *१* | *नेपाली नागरिकताको प्रमाणपत्र* | XX-XX-XX-XXXXX | *जिल्ला प्रशासन कार्यालय, .....* | | |
| *२* | *राहदानी* | XXXXXXXX | *राहदानी विभाग, काठमाडौँ* | | |
| *३* | *एस.एल.सी लब्धांक पत्र* | XXXXXXXX | *राष्ट्रिय परिक्षा बोर्ड, भक्तपुर* | | |
| *४* | *एस.एल.सी चारित्रिक प्रमाणपत्र* | XXXX | *श्री .... माध्यमिक विद्यालय, ...* | | |

| | | | | | |
|---|---|---|---|---|---|
| *५* | *जन्म दर्ता प्रमाणपत्र* | XXXX | *... नगर/गाउँ कार्यपालिकाको कार्यालय, .....* | | |
| | | | | | |

उपरोक्त सूचीमा सूचिकृत कागजप्रमाणहरूको विवरण सही छन् र मसँग भएका सम्पूर्ण कागजप्रमाणहरू यहाँ सूचिकृत गराएको छु । यो व्यहोरा झुट्टा भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको नाम :-
सही :-
वडा अध्यक्षको सही :-
वडा कार्यालयको छाप :-

**दफा १२ को उपदफा (७) सँग सम्बन्धित**

लैङ्गिक पहिचान सम्बन्धी ऐन, २०७८ बमोजिम लैङ्गिक पहिचान कायम गर्न लैङ्गिक विवरण वा नाम एवं लैङ्गिक विवरण संशोधन सम्बन्धी तथ्याङ्कगत विवरण

आ.व. ............

संशोधन गरेका व्यक्तिहरूको कूल संख्या ............

ती मध्ये यौन विशेषतामा अन्तरलिङ्गी व्यक्ति ......... संख्यामा थिए ।

लैङ्गिक पहिचानका आधारमा
गैर–द्वयसांखिक व्यक्ति ............
तेस्रोलैङ्गिक व्यक्ति ............
पारलैङ्गिक महिला ............
पारलैङ्गिक पुरुष .........

# अरु ऐन कानूनमा संशोधन

*लैङ्गिक पहिचान सम्बन्धी ऐन, २०७८* सँग अरु ऐनको सामञ्जस्यताको लागि देहायका ऐन, नियमावली लगायतका कानूनमाहरूमा संशोधन गर्नुपर्ने हुन्छ ।

| | ऐन, नियमावली लगायतका कानून | सम्बन्धित कागजप्रमाण |
|---|---|---|
| १) | नेपाल नागरिकता ऐन, २०६३ | नागरिकता प्रमाणपत्र |
| २) | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ | राष्ट्रिय परिचयपत्र, जन्म दर्ता प्रमाणपत्र, लगायत अरु पञ्जिकृत प्रमाणपत्रहरू |
| ३) | सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ | सवारी दर्ताको प्रमाणपत्र, अस्थायी दर्ताको प्रमाणपत्र, चालक अनुमतिपत्र, बाटो इजाजतपत्र र यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र |
| ४) | मतदाता नामावली ऐन, २०७३ | मतदाता नामावली र मतदाता परिचयपत्र |
| ५) | मालपोत ऐन, २०३४ | जग्गा दर्ता प्रमाणपत्र लगायत जग्गा सम्बन्धीको अभिलेखहरू |
| ६) | अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ | अपाङ्गताको परिचयपत्र |
| ७) | राहदानी नियमावली, २०७७ | राहदानी |
| ८) | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् परीक्षा सम्बन्धी विनियमावली, २०७१ | सम्बन्धित शैक्षिक प्रमाणपत्रहरू |
| ९) | आधारभूत तह कक्षा आठको परीक्षा सञ्चालन तथा प्रमाणिकरण सम्बन्धी मापदण्ड, २०७६ | कक्षा ८ का शैक्षिक प्रमाणपत्रहरू |
| १०) | माध्यमिक शिक्षा उत्तीण (एस.एल.सी.) परिक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०६८ | कक्षा १० का शैक्षिक प्रमाणपत्रहरू |
| ११) | उच्च माध्यमिक शिक्षा परिषद परिक्षा सम्बन्धी निर्देशिका, २०६८ | कक्षा ११ र १२ का शैक्षिक प्रमाणपत्रहरू |
| १२) | प्रत्येक विश्वविद्यालयहरूको शैक्षिक प्रमाणपत्रहरू सम्बन्धी निर्देशिका | विश्वविद्यालयद्वारा प्रदान गरिने शैक्षिक प्रमाणपत्रहरू |

मस्यौदा विधेयकमा प्रस्तावित *लैङ्गिक पहिचान सम्बन्धी ऐन, २०७८* ले व्यक्तिको सबै वैयक्तिक

कागजप्रमाणमा लैङ्गिक पहिचान कायम गर्ने एककृत प्रक्रियाको व्यवस्था गरेको छ । उक्त ऐनमा लैङ्गिक पहिचान कायम गर्ने सम्बन्धी विस्तृत र व्यापक व्यवस्था उल्लेख छ र सरकारी निकायद्वारा मात्र नभएर गैर-सरकारी एवं निजी निकायहरूद्वारा प्रदान गरिने कागजप्रमाणहरू समेतलाई समेटेको छ । तसर्थ माथि उल्लेखित र सो बाहेक पनि ऐन कानूनहरूमा कुनै व्यक्तिले आफ्नो सम्बन्धित कागजप्रमाण लैङ्गिक पहिचान अनुसार कायम हुने गरि संशोधन गर्न चाहेमा लैङ्गिक पहिचान सम्बन्धी ऐन, २०७८ बमोजिम कार्यवाही हुनेछ भन्ने व्यहोरा उल्लेख गरी संशोधन गर्दा पर्याप्त हुन्छ ।

माथि सूचिकृत ऐनहरूका साथै ती ऐनहरू अन्तर्गत बनेका नियमावली, नियम, कार्यविधि तथा निर्देशिकाहरू पनि पुनरावलोकन गर्न आवश्यक हुन्छ । यी ऐनहरू बाहेक पनि लैङ्गिकताको विषय समावेश भएका अन्य ऐन कानून पनि पुनवरालोकन गर्न आवश्यक हुन्छ ।

## संशोधनार्थः केही महत्वपूर्ण विषयहरू

- शैक्षिक प्रमाणपत्रहरू सम्बन्धीका कतिपय कानूनी व्यवस्थामा प्रमाणपत्र संशोधन गर्दा 'नाम र लिङ्ग अन्तर पर्ने गरी संशोधन नहुने' व्यहोरा उल्लेख छ । त्यस्ता व्यहोरा संशोधन मार्फत् हटाइनुपर्छ ।

- हाल नेपालमा पुरुषलाई M र महिलालाई F बाहेक 'अन्य O' उल्लेख गरी राहदानी जारी हुने गरेको छ । राहदानी भनेको नेपालसँग मात्र सम्बन्धित दस्तावेज नभएर अन्तर्राष्ट्रिय दस्तावेज हो । नेपाल बाहेक विश्वको कुनै देशमा O लैङ्गिकताको मान्यता छैन । विश्वका १३ देशहरूले M र F बाहेक X उल्लेख भएको राहदानी जारी गर्ने गरेका छन् ।[1] अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (ICAO) ले मान्यता दिएको लैङ्गिक विधा X हो ।[2] तसर्थ नेपालमा पनि M, F र X उल्लेख भएको राहदानी जारी गरिनुपर्छ ।

- अधिकांश कागजप्रमाणहरूमा "लिङ्ग (Sex)" को महल उल्लेख गरिएको छ । त्यसलाई प्रतिस्थापन गरी "लैङ्गिकता (Gender)" भनि उल्लेख गरिनुपर्छ ।

- नियमावलीहरूमा उल्लेख अनुसूचीहरूमा असमावेशी भाषा संशोधन गरिनुपर्छ । लैङ्गिकता खुलाउन आवश्यक नभए हाल प्रयुक्त लैङ्गिकताबोधक शब्दहरूलाई लैङ्गिक तटस्थ शब्दावलीहरूबाट प्रतिस्थापन गर्नुपर्छ भने लैङ्गिकता खुलाउन अवश्यक भए महिला र पुरुष लैङ्गिकताबोधक शब्दावलीहरूसँगै गैर-द्वयसांखिक तथा तेस्रोलैङ्गिक व्यक्तिहरूलाई सम्बोधन गर्ने शब्दावली राखिनुपर्छ । जस्तैः- पुरुषलाई 'श्रीमान्' र महिलालाई 'श्रीमती' भनि सम्बोधन गरिएझैं गैर-द्वयसांखिक तथा तेस्रोलैङ्गिक व्यक्तिहरूलाई 'श्रः' भनि सम्बोधन गर्ने प्रचलन छ । यसरी गैर-द्वयसांखिक तथा तेस्रोलैङ्गिक व्यक्तिहरूलाई सम्बोधन गर्न छुट्टै

[1] Trans Legal Mapping Report, Third Edition, 2019, ILGA World - The International Lesbian, Gay, Bisexual, Trans and Intersex Association.

[2] ICAO, Doc 9303, Machine Readable Travel Documents Seventh Edition, 2015, Part 4: Specifications for Machine Readable Passports (MRPs) and other TD3 Size MRTDs (Page 14)

शब्दावली नभएको खण्डमा (जस्तैः- छोरा/छोरी) लैङ्गिक तटस्थ शब्दावली (जस्तैः- सन्तान) ले सम्बोधन गर्न सकिन्छ । तर कतिपय शब्दावलीहरूका लागि खस-नेपाली भाषामा लैङ्गिक तटस्थ शब्द नै नभएको हुन सक्छ (जस्तैः- दाजु, भाइ, दिदी, बहिनीको लैङ्गिक तटस्थ शब्द, काका काकीको लैङ्गिक तटस्थ शब्द) । यस समस्यालाई समाधान गर्न भाषाविज्ञहरूको संलग्नतामा शब्द खोजी, शब्द निर्माण लगायत आवश्यक उपयुक्त गर्नुपर्छ ।

- अन्तरलिङ्गी यौन विशेषता भएका बच्चाहरूलाई शिशु अवस्थामा जन्म दर्ताको हकबाट वञ्चित नहुने गरी 'अन्तरलिङ्गी बच्चा' उल्लेख भएको वा लैङ्गिक महल उल्लेख नभएको जन्म दर्ता जारी हुने व्यवस्था गरिनुपर्छ । पछी नीज बच्चा हुर्किसकेपछी आफ्नो लैङ्गिक पहिचान अनुसार कायम गर्न सक्ने नै भए ।

## मस्यौदा संशोधन विधेयक

### लैङ्गिक पहिचान सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७८

**प्रस्तावना :** लैङ्गिक पहिचान सम्बन्धी ऐन, २०७८ सँग प्रचलित ऐन कानूनको सामञ्जस्यता हुन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिम व्यवस्थापिका–संसदले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "लैङ्गिक पहिचान सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्ने ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तत्काल प्रारम्भ हुनेछ ।

**२. नेपाल नागरिकता ऐन, २०६३ मा संशोधन :** नेपाल नागरिकता ऐन, २०६३ को –

(१) दफा १७ (३) पछि देहायको दफा १७ (४) थपिएको छ :-

(४) कुनै व्यक्तिले आफ्नो नागरिकता प्रमाणपत्र लैङ्गिक पहिचान अनुसार कायम हुने गरि संशोधन गर्न चाहेमा लैङ्गिक पहिचान सम्बन्धी ऐन, २०७८ बमोजिम कार्यवाही हुनेछ ।

**३. राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ मा संशोधन :** राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ को -

(१) दफा १२ (३) पछि देहायको दफा १२ (४) थपिएको छ :-

(४) कुनै व्यक्तिले आफ्नो परिचयपत्र लैङ्गिक पहिचान अनुसार कायम हुने गरि संशोधन गर्न चाहेमा लैङ्गिक पहिचान सम्बन्धी ऐन, २०७८ बमोजिम कार्यवाही हुनेछ ।

(२) दफा २५ (४) पछि देहायको दफा २५ (५) थपिएको छ :-

(५) कुनै व्यक्तिले आफ्नो दर्ताको प्रमाणपत्र लैङ्गिक पहिचान अनुसार कायम हुने गरि संशोधन गर्न चाहेमा लैङ्गिक पहिचान सम्बन्धी ऐन, २०७८ बमोजिम कार्यवाही हुनेछ ।

**<u>४. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा संशोधन :</u>** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को -

(१) दफा ४३ (३) पछी देहायको दफा ४३ (४) थपिएको छ :-

(४) कुनै व्यक्तिले आफ्नो दर्ताको प्रमाणपत्र लैङ्गिक पहिचान अनुसार कायम हुने गरि संशोधन गर्न चाहेमा लैङ्गिक पहिचान सम्बन्धी ऐन, २०७८ बमोजिम कार्यवाही हुनेछ ।

(२) दफा ६२ (३) पछी देहायको दफा ६२ (४) थपिएको छ :-

(४) कुनै व्यक्तिले आफ्नो सवारी चालक अनुमतिपत्र लैङ्गिक पहिचान अनुसार कायम हुने गरि संशोधन गर्न चाहेमा लैङ्गिक पहिचान सम्बन्धी ऐन, २०७८ बमोजिम कार्यवाही हुनेछ ।

**<u>५. मतदाता नामावली ऐन, २०७३ मा संशोधन :</u>** मतदाता नामावली ऐन, २०७३ को -

(१) दफा १४ (२) पछी देहायको दफा १४ (३) थपिएको छ :-

(३) कुनै व्यक्तिले आफ्नो मतदाता नामावली लैङ्गिक पहिचान अनुसार कायम हुने गरि संशोधन गर्न चाहेमा लैङ्गिक पहिचान सम्बन्धी ऐन, २०७८ बमोजिम कार्यवाही हुनेछ ।

**<u>६. मालपोत ऐन, २०३४ मा संशोधन :</u>** मालपोत ऐन, २०३४ को -

(१) दफा ७ (३) पछी देहायको दफा ७ (४) थपिएको छ :-

(४) कुनै व्यक्तिले आफ्नो जग्गा दर्ता प्रमाणपत्र लैङ्गिक पहिचान अनुसार कायम हुने गरि संशोधन गर्न चाहेमा लैङ्गिक पहिचान सम्बन्धी ऐन, २०७८ बमोजिम कार्यवाही हुनेछ ।

**<u>७. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ मा संशोधन :</u>** अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को -

(१) दफा ४ पछी देहायको दफा ५ थपी क्रम संख्या मिलाइएको छ :-

५. अपाङ्गताको परिचयपत्र संशोधन :- (१) कुनै व्यक्तिले आफ्नो अपाङ्गताको परिचयपत्र लैङ्गिक पहिचान अनुसार कायम हुने गरि संशोधन गर्न चाहेमा लैङ्गिक पहिचान सम्बन्धी ऐन, २०७८ बमोजिम कार्यवाही हुनेछ ।

**<u>८. राहदानी नियमावली, २०७७ मा संशोधन :</u>** राहदानी नियमावली, २०७७ को -

(१) नियम १६ (३) लाई नियम १६ (४) बनाइएको छ ।

(२) नियम १६ (२) पछी देहायको नियम १६ (३) थपिएको छ :-

(३) कुनै व्यक्तिले आफ्नो राहदानी लैङ्गिक पहिचान अनुसार कायम हुने गरि संशोधन गर्न चाहेमा लैङ्गिक पहिचान सम्बन्धी ऐन, २०७८ बमोजिम कार्यवाही हुनेछ ।

(३) अनुसूची - २ मा उल्लेख फारमको –

(क) 6. मा "Sex / लिङ्ग" भन्ने शब्दहरूको सट्टा "Gender / लैङ्गिकता" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) बुँदा (क) मा उल्लेख महल अन्तर्गत "O for Others / अन्य" भन्ने शब्दहरूको सट्टा "X for Non-Binary and Third Gender / गैर-द्वयसांखिक तथा तेस्रोलिङ्गी" भन्ने शब्दहरू राखिएका छन् ।

(४) अनुसूची - ५ मा उल्लेख फारमको Description महलमा उल्लेख "Sex" शब्दको सट्टा "Gender" भन्ने शब्द राखिएको छ ।

**९. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् परीक्षा सम्बन्धी विनियमावली, २०७१ मा संशोधन :**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् परीक्षा सम्बन्धी विनियमावली, २०७१ को -

(१) विनियम २४ मा उप-विनियम (३) पछी देहायको उप-विनियम (४) थपिएको छ :-

(४) यस विनियममा अन्यत्र जेसुकै लेखिएको भएतापनि कुनै व्यक्तिले आफ्नो रजिष्ट्रेशन तथा प्रमाणपत्र लैङ्गिक पहिचान अनुसार कायम हुने गरि संशोधन गर्न चाहेमा लैङ्गिक पहिचान सम्बन्धी ऐन, २०७८ बमोजिम कार्यवाही हुनेछ ।

**१०. आधारभूत तह कक्षा आठको परीक्षा सञ्चालन तथा प्रमाणिकरण सम्बन्धी मापदण्ड, २०७६ मा संशोधन :**

आधारभूत तह कक्षा आठको परीक्षा सञ्चालन तथा प्रमाणिकरण सम्बन्धी मापदण्ड, २०७६ को -

(१) बुँदा १५ पछी देहायको बुँदा थप गरी क्रम संख्या मिलाइएको छ :-

१६. प्रमाणपत्र सच्याउने : कुनै व्यक्तिले आफ्नो प्रमाणपत्र लैङ्गिक पहिचान अनुसार कायम हुने गरि संशोधन गर्न चाहेमा लैङ्गिक पहिचान सम्बन्धी ऐन, २०७८ बमोजिम कार्यवाही हुनेछ ।

(२) अनुसूची - १ मा उल्लेख फारमको "५. लिङ्ग"को सट्टा "५. लैङ्गिकता" र "अन्य"को सट्टा "गैर-द्वयसांखिक" तथा "तेस्रोलैङ्गिक" दुई विधा थप गरिएको छ ।

(३) अनुसूची -२ मा उल्लेख प्रमाणपत्रको ढाँचामा अङ्ग्रेजी भाषा खण्डमा उल्लेख "Mr./Ms." मा "/Mx." थप गरिएको छ ।

**११. माध्यमिक शिक्षा उत्तीण (एस.एल.सी.) परिक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०६८ मा संशोधन :**

माध्यमिक शिक्षा उत्तीण (एस.एल.सी.) परिक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०६८ को -

(१) दफा ४५ को खण्ड ८ लाई खण्ड ९ बनाइएको छ ।

(२) दफा ४५ को खण्ड ७ पछी देहायको खण्ड ८ थपिएको छ :-

(८) यस दफामा अन्यत्र जेसुकै लेखिएको भएतापनि कुनै व्यक्तिले आफ्नो अभिलेख लैङ्गिक पहिचान अनुसार कायम हुने गरि संशोधन गर्न चाहेमा लैङ्गिक पहिचान सम्बन्धी ऐन, २०७८ बमोजिम कार्यवाही हुनेछ ।

# स्रोत सामाग्री

हामी स्वयंले पनि यस परियोजनामा अध्ययन गरेका र पाठक वर्गलाई थप जानकारीका लागि अध्ययनार्थः यो सूची तयार पारेका छौं ।

*लैङ्गिक पहिचान सम्बन्धी विधेयक, २०७८* को २. परिभाषा खण्डमा उल्लेखित शब्दावलीहरूको अङ्ग्रेजी अनुवाद सहितको सूची ।

| खस–नेपाली | अङ्ग्रेजी |
|---|---|
| अन्तरलिङ्गी व्यक्ति | Intersex person |
| गैर–द्वयसांखिक व्यक्ति | Non-binary person |
| जन्मँदा इङ्गित गरिएको लैङ्गिकता | Gender assigned at birth |
| तेस्रोलैङ्गिक व्यक्ति | Third gender person |
| त्याचलैङ्गिक पुरुष | Cisgender man / Cis man |
| त्याचलैङ्गिक महिला | Cisgender woman / Cis woman |
| त्याचलैङ्गिक व्यक्ति | Cisgender person / Cis person |
| पारलैङ्गिक पुरुष | Transgender man / Trans man |
| पारलैङ्गिक महिला | Transgender woman / Trans woman |
| पारलैङ्गिक व्यक्ति | Transgender person / Trans person |
| मृतनाम | Deadname |
| लैङ्गिक दुस्बोधन | Misgendering (To misgender) |
| लैङ्गिक पहिचान | Gender Identity |
| वैयक्तिक लैङ्गिक इतिहास | Personal gender history |
| व्यक्तिगत कागजप्रमाण | Personal documentations |

**नेपालमा आधारित पुस्तकहरू**

- यौन अभिमुखिकरण, लैङ्गिक पहिचान तथा यौन विशेषता (यौभिकयौता) : आधारभूत अवधारणा
  ISBN 978-9937-0-8469-7
  क्वयेर युथ ग्रुप तथा क्याम्पेन फर चेन्ज, ११४१ सिल्ला १७ तदनुसार २०७७ माघ २१ ।
  https://nepalcfc.org/basic_sogiesc_nepali/

- गृह मन्त्रालयको अन्यलिङ्गी निर्देशिका : मानव अधिकारको हनन
  ISBN 978-9937-0-8913-5

क्वयेर युथ ग्रुप तथा क्याम्पेन फर चेन्ज, ११४१ बछला ३१ तदनुसार २०७८ जेठ ३ ।
https://nepalcfc.org/anyalingi_complaint/

- लैङ्गिक पहिचानको अधिकार सम्बन्धी सन् २०20 का मागपत्रहरू
  ISBN 978-9937-0-8912-3
  क्वयेर युथ ग्रुप तथा क्याम्पेन फर चेन्ज, ११४१ बछला ३१ तदनुसार २०७८ जेठ ३ ।
  https://nepalcfc.org/demandsheetbook-nep/

## योग्याकार्ता सिद्धान्त

यौन अभिमुखिकरण, लैङ्गिक पहिचान तथा यौन विशेषता सम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्त रहेको छ । https://yogyakartaprinciples.org/principles-en/yp10/

## संयुक्त राष्ट्र संघ

तथ्यपत्र

- UN Transgender Fact Sheet
  https://www.unfe.org/wp-content/uploads//05/2017UNFE-Transgender.pdf
- UN Intersex Fact Sheet
  https://www.unfe.org/wp-content/uploads//05/2017UNFE-Intersex.pdf
- UN Bisexual Fact Sheet
  https://www.unfe.org/wp-content/uploads//09/2018Bisexual_Facsheet_English.pdf
- यी तथ्यपत्रहरूको खस-नेपाली भाषामा अनौपचारिक अनुवाद पनि रहेका छन् । https://nepalcfc.org/unfactsheet/

पुस्तकहरू

- A UN for All? UN Policy and Programming on Sexual Orientation, Gender Identity and Expression, and Sex Characteristics, Albert Trithart, Feb 2021. https://www.ipinst.org/wp-content/uploads/2021/02/A-UN-for-All.pdf

- Sexual Orientation Gender Identity and Sex Characteristics in International Human Rights Law, Second Edition, Born Free & Equal. https://www.ohchr.org/Documents/Publications/Born_Free_and_Equal_WEB.pdf

प्रतिवेदनहरू

- Economic and Social Council's E/C.12/2000/4 General Comment No. 14 (2000) - The right to the highest attainable standard of health (article 12 of the International Covenant on Economic, Social and Cultural Rights), Point 8. https://digitallibrary.un.org/record/425041

- Economic and Social Council's E/C.12/GC/22 General comment No. 22 (2016) on the right to sexual and reproductive health (article 12 of the International Covenant on Economic, Social and Cultural Rights), Point 58.
https://digitallibrary.un.org/record/832961
- Eliminating forced, coercive, and otherwise involuntary sterilization - An interagency statement. Page 7 and 8.
https://www.who.int/reproductivehealth/publications/gender_rights/eliminating-forced-sterilization/en/
- Human Rights Council's A/HRC/31/57 Report of the Special Rapporteur on torture and other cruel, inhuman or degrading treatment or punishment, Point 49.
https://undocs.org/A/HRC/31/57
- Protection against violence and discrimination based on sexual orientation and gender identity (A/73/152)
https://undocs.org/A/73/152
- Report of the Independent Expert on protection against violence and discrimination based on sexual orientation and gender identity (A/HRC/47/27)
https://undocs.org/A/HRC/47/27
- Report of the Special Rapporteur on the right to privacy (A/HRC/43/52)
https://undocs.org/en/A/HRC/43/52

## सर्वोच्च अदालतका फैसलाहरू

सम्मानित सर्वोच्च अदालतद्वारा लैङ्गिक पहिचान सम्बन्धीका रिट निवेदनहरूमा फैसला गरि नजीर सिद्धान्तहरू कायम भएका छन् । ती फैसलाहरू देहाय बमोजिमका छन् ।

- निल हिरा समाज समेत वि. नेपाल सरकार समेत
निर्णय नं. ७९५८, फैसला मिति : २०६४/०९/०६, भाग: ५०, साल: २०६५, महिना: श्रावण , अंक: ४ ।
- डिलु बुदुजा वि. नेपाल सरकार समेत
निर्णय नं. ९०४८, फैसला मिति : २०७०/०२/२७, भाग: ५५, साल: २०७०, महिना: मंसिर, अंक: ८ ।
- आनिक राना वि. नेपाल सरकार समेत
निर्णय नं. ९८७५, फैसला मिति : २०७३/१०/१०, भाग: ५९, साल: २०७४, महिना: पौस, अंक: ९ ।

नेपाल कानून पत्रिकामा उपलब्ध भए अनुसार हाल सम्म लैङ्गिक पहिचानको विषयमा उपरोक्त सुचिकृत फैसलाहरू भएका छन् । यस बाहेक लैङ्गिक पहिचानको विषयमा नभएर यौन अभिमुखिकरणको विषयमा भएका फैसला तर लैङ्गिक पहिचानको विषयमा पनि सहायक हुन सक्ने देहायका फैसलाहरू छन् ।

- रजनी शाही वि. राष्ट्रिय महिला आयोग समेत
निर्णय नं. ८९४५, फैसला मिति : २०६९/०७/२०, भाग: ५५, साल: २०७०, महिना: बैशाख, अंक: १ ।

- सुमन पन्त वि. अध्यागमन विभाग समेत
  निर्णय नं. ९९२१, फैसला मिति : २०७४/०७/०६, भाग: ५९, साल: २०७४, महिना: चैत्र, अंक: १२ ।

## रिट निवेदनहरू

लैङ्गिक पहिचानका विषयवस्तुसँग सम्बन्धित सम्मानित सर्वोच्च अदालतमा केही रिट निवेदनहरू दर्ता भएका छन् । ती रिट निवेदनहरू विचाराधीन नै छन् । तथापि यी निवेदनहरूमा उल्लेख व्यहोरा, व्याख्या तथा विवरणले पनि लैङ्गिक पहिचान सम्बन्धीका कानूनी एवं व्यवहारिक समस्याहरू बुझ्नका साथै मौजुदा कानूनहरूमा भएको अभाव बारे जानकारी पाउनका लागि उपयोगी छन् ।

- रुक्शना कपाली र इशान रेग्मी समेत वि. नेपाल सरकार समेत (रिट नं ००७-WO-०६९५)
- रुक्शना कपाली वि. नेपाल सरकार समेत (रिट नं ००७-WO-०९७३)
- रुक्शना कपाली र इशान रेग्मी समेत वि. केन्द्रिय तथ्याङ्क विभाग समेत (रिट नं ००७-WO-१२४३)
- रुक्शना कपाली वि. निर्वाचन आयोग समेत (रिट नं ०७७-WO-१२४४)

  यी रिट निवेदनहरू यस लिङ्कमा उपलब्ध छन् : https://nepalcfc.org/writ-petition/

## अन्य देशका ऐन तथा कानून

लैङ्गिक पहिचान सम्बन्धी अन्य देशहरूका सकरात्मक अभ्यासहरूमा देहायका ऐन कानूनहरू सूचिकृत गर्न सकिन्छ ।

- Births, Deaths and Marriages Registration Amendment Bill 2016, Parliament of Victoria;
  https://www.parliament.vic.gov.au/publications/research-papers/download/36-research-papers/13775-births-deaths-and-marriages-registration-amendment-bill-2016
- Canadians can now identify as gender “X” on their passports, Government of Canada;
  https://www.canada.ca/en/immigration-refugees-citizenship/news/notices/gender-x-documents.html
- Change of Sex Indicator – 16 Years of Age and Older Form, Vital Statistics Nova Scotia, Canada;
  https://beta.novascotia.ca/sites/default/files/documents/2-573/change-sex-indicator-16-years-age-or-older-en.pdf
- Gender Identity, Gender Expression and Sex Characteristics Act, Malta;
  https://tgeu.org/wp-content/uploads/2014/02/Malta_GIGESC_2015.pdf

- Gender Recognition Act 2015, Government of Ireland; http://www.irishstatutebook.ie/eli/2015/act/25/enacted/en/html
  यद्यपि आयरल्यान्डको यस ऐनका केही कमिकमजोरीहरू समेत औँल्याइएको प्रतिवेदन पनि साथै अध्ययन गर्न महत्वपूर्ण हुन्छ: Review of the Gender Recognition Act 2015, Report to the Minister for Employment Affairs and Social Protection, June 2018; https://www.gov.ie/en/press-release/6b7814-review-of-the-gender-recognition-act-2015-report-to-the-minister-for/
- Gender Recognition Act, California, Senate Bill No. 179 CHAPTER 853; https://leginfo.legislature.ca.gov/faces/billNavClient.xhtml?bill_id=201720180SB179
- How do I change the sex or gender identifier on my application or document?, Government of Canada; https://www.cic.gc.ca/english/helpcentre/answer.asp?qnum=1253&top=32 https://legislation.mt/eli/cap/540/eng/pdf
- IDENTIDAD DE GENERO Ley 26.743 Establécese el derecho a la identidad de género de las personas; http://servicios.infoleg.gob.ar/infolegInternet/anexos/195000-199999/197860/norma.htm
  यसको अङ्ग्रेजी अनुवाद : English Translation of Argentina's Gender Identity Law as approved by the Senate of Argentina on May 8, 2012; https://tgeu.org/argentina-gender-identity-law/
- Lovvedtak 71 (2015–2016) (Første gangs behandling av lovvedtak); https://www.stortinget.no/globalassets/pdf/lovvedtak/2015-2016/vedtak-201516-071.pdf
  यसको अङ्ग्रेजी अनुवाद : Prop 74 L (2015-2016) Proposition to the Storting (proposal for a legislative decision) The Legal Gender Amendment Act https://tgeu.org/wp-content/uploads/2016/07/Prop74LEng.pdf
- New York City Commission on Human Rights Legal Enforcement Guidance on Discrimination on the Basis of Gender Identity or Expression: Local Law No. 3 (2002); N.Y.C. Admin. Code § 8-102(23) https://www1.nyc.gov/site/cchr/law/legal-guidances-gender-identity-expression.page
- PennDOT Offers Non-binary Gender Designation Option on Driver Licenses, ID Cards, Commonwealth of Pennsylvania; https://www.penndot.gov/pages/all-news-details.aspx?newsid=751
- Transgender Persons (Protection of Rights) Act, 2018, Pakistan;

http://www.senate.gov.pk/uploads/documents/1536559131_237.pdf
यद्यपि पाकिस्तानको यस ऐनका केही कमिकमजोरीहरू समेत औंल्याइएको प्रतिवेदन पनि साथै अध्ययन गर्न महत्वपूर्ण हुन्छः  Pakistan: Transgender Persons (Protection of Rights) Act, 2018 - A Briefing Paper, March 2020;
https://www.icj.org/wp-content/uploads/2020/03/Pakistan-Transgender-Advocacy-Analysis-brief-2020-ENG.pdf

**अन्य देशका मानव अधिकार आयोगका प्रतिवेदनहरू**

- 2009 The sex and gender diversity project, Concluding Paper, Australian Human Rights Commission;
https://humanrights.gov.au/sites/default/files/document/publication/SFR_2009_Web.pdf
- Addressing sexual orientation and sex and/or gender identity discrimination: Consultation Report, Australian Human Rights Commission;
https://humanrights.gov.au/our-work/lgbti/publications/addressing-sexual-orientation-and-sex-andor-gender-identity
- Advances and Challenges towards the Recognition of the Rights of LGBTI Persons in the Americas, Inter-American Commission on Human Rights;
http://www.oas.org/en/iachr/reports/pdfs/LGBTI-RecognitionRights2019.pdf
- Legal gender recognition in the EU, The journeys of trans people towards full equality,  European Commission;
https://op.europa.eu/en/publication-detail/-/publication/7341d588-ddd8-11ea-adf7-01aa75ed71a1/language-en
- Policy on preventing discrimination because of gender identity and gender expression, Ontario Human Rights Commission;
http://www.ohrc.on.ca/en/policy-preventing-discrimination-because-gender-identity-and-gender-expression
- Protecting Human Rights of Transgender Persons: A short guide to legal gender recognition, Council of Europe;
https://rm.coe.int/1680492119
- Resilient Individuals: Sexual Orientation Gender Identity & Intersex Rights, Australian Human Rights Commission;
https://humanrights.gov.au/our-work/lgbti/publications/resilient-individuals-sexual-orientation-gender-identity-intersex
- Violence against Lesbian, Gay, Bisexual, Trans and Intersex Persons in the Americas 2015, Inter-American Commission on Human Rights;
http://www.oas.org/en/iachr/reports/pdfs/violencelgbtipersons.pdf

## अन्य देशका अदालतहरूद्वारा गरिएका केही फैसलाहरू

- Centre for Gender Advocacy V. Attorney General of Quebec, No: 500-17-082257-141, Date February 9, 2021; https://www.canlii.org/en/qc/qccs/doc/2021/2021qccs191/2021qccs191.html
- Nelson v. Goodberry Restaurant Group Ltd. dba Buono Osteria and others, 2021; http://www.bchrt.bc.ca/shareddocs/decisions/2021/sep/137_Nelson_v_Goodberry_Restaurant_Group_Ltd_dba_Buono_Osteria_and_others_2021_BCHRT_137.pdf
- No. 117/2015 Transgender-Europe and ILGA-Europe v. Czech Republic, Council of Europe; https://www.coe.int/en/web/european-social-charter/processed-complaints/-/asset_publisher/5GEFkJmH2bYG/content/no-117-2015-transgender-europe-and-ilga-europe-v-czech-republic
- Superior Court, Province of Quebec, Canada, No: 500-17-082257-141, Date January 28, 2021; https://egale.ca/wp-content/uploads/2021/01/Judgment21-01-28.pdf
- XY v. Ontario (Government and Consumer Services), File Number: 2009-01326-I, Citation: 2012 HRTO 726, Date: 2012 April 11; https://www.canlii.org/en/on/onhrt/doc/2012/2012hrto726/2012hrto726.html

## विविध

- World Professional Association for Transgender Health (WPATH) Identity Recognition Statement https://www.wpath.org/media/cms/Documents/Web%20Transfer/Policies/WPATH%20Identity%20Recognition%20Statement%2011.15.17.pdf

## नेपालका विविध राष्ट्रभाषाहरूमा

- *यौन अभिमुखिकरण, लैङ्गिक पहिचान आ यौन विशेषता सम्बन्धके आधारभूत शब्दवाली आ ओकर सभक परिभाषासब*, सपना संजीवनी द्वारा मैथिली भाषामे अनुवादित, क्वयेर युथ ग्रुप द्वारा प्रकाशित, २०७७ साल अगहन २ गते। https://nepalcfc.org/wp-content/uploads/Basic-SOGIESC-Maithili.pdf
- *यचा व्रासाः, जाः व्रासीका व यचिं नजिस् नायं स्नायू दुगु खँव्रःग*, ISBN 978-9937-0-9383-5, *न्ह्रना कयाली, नसं ११४१ गुंला २१ ।* https://archive.org/details/978-9937-0-9383-5

# लैङ्गिक पहिचान सम्बन्धी
# मस्यौदा विधेयक, २०७८ :
## नागरिक समाजको प्रस्ताव